# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



धर्मकीर्ति वसु[illegible] विहा[illegible]ा [illegible]न बुद्धमूर्ति

DHARMAKIRTI

वर्ष-२६; अङ्क-१२

बि.सं. २०६५, फागु पुन्ही

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-- सम्पादक मण्डल हुने छैन ।

## ■ विषय-सूचि ■


| क्रसं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय- कर्त्तव्य पालन गर्नु नै धर्म पालन गर्नु हो | – | २ |
| ३. | दान चेतना | – सत्यनारायण गोयन्का | ३ |
| ४. | भगवान् बुद्धको उपदेश र मेरो पुकार | – गौतम "शिशिर" | ६ |
| ६. | धम्मपद-२१६ | – रीना तुलाधर (बनिया) | ७ |
| ७. | मथूगु समन्वय् | – बुद्ध रत्न शाक्य "क" | ७ |
| १०. | बुद्धशासनको इतिहास-६ | – भिक्षु अमृतानन्द | ८ |
| ११. | केही बौद्ध विश्वासहरू...६ | – ले.के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर | १० |
| १२. | बुद्धवाद | – भिक्षु अश्वघोष | १२ |
| १३. | मिलिन्द-प्रश्न-२२ | – अनुवादक: आनन्द प्रधान | १३ |
| १४. | कसैले कसैलाई चित्त बुझाउन सक्दैन | – नरेन्द्रनाथ भट्टराई | १५ |
| १५. | योग अभ्यास विधि-भाग ४५ | – डा. गोपाल प्रधान | १६ |
| १६. | बौद्धजन विहारमा ऋषिणी प्रव्रज्या र श्रामणेर प्रव्रज्या | – बुद्ध कुमारी मानन्धर | १७ |
| १७. | दान शीलता | – अनु. आनन्दसिद्धि तुलाधर | १८ |
| १८. | अयूला: ध्वँ त्व:तेत बुद्ध धर्म | – सुनिता मानन्धर | १९ |
| १९. | महापन्थ चूल पन्थया छगू घटना | – आनन्दमान सिंह तुलाधर | २० |
| २०. | धेरै सुख प्राप्तिको लागि | – भिक्षु संघरक्षित | २० |
| १३. | धर्मकीर्ति विहार-गतिविधि | – | २१ |
| १५. | धर्म प्रचार-समाचार | – | २३ |
| १७. | जमाना | – विद्याबहादुर वज्राचार्य | २४ |
| १८. | भिन्तुना | – धोवक शाक्य "प्रदीप" | २५ |
| १९. | धात्थेंगु सुख | – भरत राज चित्रकार | २५ |
| २०. | अनन्त ज्योति | – श्रद्धेय भिक्षु सिङ युनका धर्मचिन्तन, अनु. देव काजी शाक्य | |


● धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।

● छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

● छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।

● धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।

● आसे धयादीमते, बिचा: याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
विनीताजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ०७१-५८०२६१ (शाक्यमुनि विहार, लुम्बिनी)
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक एवं विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल

पोष्ट बक्स नं. ४९१२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५२
नेपाल सम्वत् ११२९
इस्वी सम्वत् २००९
विक्रम सम्वत् २०६५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**11th MARCH 2009**

वर्ष- २६ | अङ्क- १२ | फागु पुन्ही | फाल्गुण २०६५




वीर एवं इमान्दार हात्तीले लडाई भूमीमा जाँदा आफूलाई हानेर ल्याएको वाणलाई नहिच्किचाईकन थापे जस्तै मैले पनि अर्काले मलाई बोलेको कटुवचन सहनेछु। किनभने यस संसारमा दुशील एवं बेइमानीहरूको बाहुल्यता रहेको छ।

जसरी शिक्षित हात्तीलाई लडाईमा भाग लिन लगाउँदछ, शिक्षित हात्तीको पिठ्यूँमा मात्र राजाले चढ्ने गर्छ, त्यसरी नै मनुष्यहरू मध्ये आत्मदमन गर्न सक्ने र कटुवाक्य सहन सक्ने व्यक्तिहरूलाई नै श्रेष्ठ व्यक्ति मानिन्छ।

खाना धेरै मात्रामा खाने खञ्चुवा, अल्छी बनी कोल्टे फेरी फेरी सुतेर समय खेर फाल्ने व्यक्ति बढि मात्रामा खाना खुवाई पालिराखेको मोटो सुँगुर समान हुनेछ। त्यस्तो मूर्ख व्यक्तिले बारम्बार गर्भमा वास लिन जानेछ।

Downloaded from http://www.dhamma.digital

■ सम्पादकीय ■

# कर्त्तब्य पालन गर्नु नै धर्म पालन गर्नु हो

**"वत्तं अपरिपूरेन्तो शीलं न परिपूरति"**

"अर्थात्– जुन व्यक्ति कर्त्तव्यहीन हुन्छ, त्यस व्यक्तिको बानी व्यवहार शुद्ध हुन सक्दैन ।"

यस बुद्ध वचनले भनिरहेको छ, जुन व्यक्ति धार्मिक एवं इमान्दार र भलादमी बन्न चाहन्छ, त्यसले पहिला आफ्नो कर्त्तव्य पालन गर्न अत्यावश्यक छ । कर्त्तव्यहीन व्यक्तिहरूको वाहुल्यता भएको घरपरिवार, समाज र देशमा धेरैजसो कलह, अशान्ति र झैझगडाले स्थान लिनेछ ।

कर्त्तव्यहीन व्यक्तिले नैतिकता गुमाउन पुग्नेछ । नैतिकता नै नभएको व्यक्तिले विश्वास गुमाउन पुग्नेछ अर्थात् उ विश्वासघाती बन्नेछ । तर यो संसार विश्वासमा अडेको छ । विश्वासघाती र छलकपटी, व्यक्ति कदापि भरपर्दो बन्न सक्दैन । भरपर्दो व्यक्तिहरूको जति जति अभाव हुँदै जान्छ, त्यति नै यस समाज र देशमा कहालीलाग्दो स्थिती सृजना हुन जान्छ । भगवान् बुद्ध भन्नुहुन्छ, यस संसार तबसम्म अड्छ जब सम्म यस संसारका मानिसहरूले पापकर्म गर्नेबेला समाजसंग लाज मान्ने र यस्तो कुकर्म गर्दा समाजले के भन्ला भन्ने डर मान्ने स्वभाव रहन्छ । यसलाई लोकरक्षा गर्ने धर्म अर्थात् लोकपाल धर्म पनि भनिन्छ । लोकपाल धर्म भएका शुद्ध र इमान्दार व्यक्तिहरू रहेसम्म यस संसारमा मानिसहरूले सुख र चैनको श्वास फेर्न पाउनेछन् । तर जब यस्ता शुद्ध व्यक्तिहरूको अभाव हुँदै जान्छ, तब यस संसारमा आ-आफ्नै नीजि स्वार्थ एवं क्षणिक भौतिक सुखको लालचमा फस्दै आफ्नो कर्त्तव्य भुल्ने व्यक्तिहरूको बाहुल्यता बढ्नेछ । तब ती व्यक्तिहरूले आफ्नो स्वार्थ पूर्तिको लागि अरूलाई के कस्ता अन्याय र अत्याचारी काम गर्छ भनेर साध्य नै हुँदैन । यस्ता अशुद्ध र अत्याचारी व्यक्तिहरूको जगजगी बढ्नु भन्नु नै त्यस क्षेत्रमा लोकलाई रक्षा गर्ने लोकपाल धर्म गुमेको हुनेछ । आजभोली इमान्दार, सदाचार, आचरण शुद्धि र नैतिकता जस्ता पवित्र धारणा नभएर नै होला परिवार, समाज, देश र संसारका कतिपय क्षेत्रहरूमा जताततै कलह, झैझगडा, हत्या, आतङ्क र अशान्ति मच्चिरहेका देखिन्छन् । यसलाई हाम्रै दुर्भाग्य मान्न सकिन्छ ।

त्यसैले होला भगवान् बुद्धले सर्वप्रथम चरित्र निर्माण अर्थात् कर्त्तव्य पालन गर्नु पर्ने विषयमा जोड दिनु भएको । एकपटक बुद्ध समक्ष एक व्यक्ति आई भगवान् बुद्धको जात सोधेको रहेछ । अनि बुद्धले त्यस व्यक्तिलाई भन्नुभयो–

"तपाईंले मानिसको जात सोध्नुभन्दा उसको आचरण र बानी व्यवहार सोध्नु भए वेश हुनेछ ।"

यस घटनाले भनि रहेको छ जातले संसार थामिने होइन विश्वासयुक्त इमान्दारीपना एवं कर्त्तव्य परायण युक्त राम्रो बानी व्यवहारले संसार थामिने रहेछ ।

त्यसैले भगवान् बुद्धले एक आपसमा कर्त्तव्य पालन गरी स्वर्गिय सुख भोग्ने तरिकाहरू सिगालोवाद सूत्रमा उल्लेख गर्नु भएको छ ।

बुद्धको यस अमूल्य शिक्षालाई हामी सबैले अध्ययन गरी पालन पनि गर्न सकेको खण्डमा आजभोलीका यी घृणीत एवं विकृती पूर्ण वातावरणहरूलाई हटाई हामी साम् शान्तिले स्थान लिने आशा लिन सकिनेछ । यस आशालाई साकार पार्न हामी सबैको सहयोग आवश्यक छ ।

- "अरूलाई अनुशासन गर्नुछ भने पहिले आफैं त्यस्तो बनीदिनुपर्दछ । आफूलाई दमन गर्नुपर्दछ । [illegible] गर्नु नै ज्यादै गाह्रारो कुरो हो ।"
- "आफूले गरेको पापले आफैंलाई पिडा दिन्छ, मूर्खजनलाई आफूले गरेको पापले [illegible] हीराले आफू निस्केका ढुंगालाई नै काटछ ।"
- "मालुवा भन्ने लहराले ठ्याम्म छोपेको साल वृक्ष झैं, जसको दुराचार फैलिएको छ, त्यस दुर्जन [illegible] आफूलाई शत्रुले जस्तो गर्न चाहेको छ उस्तै बनाउँछ ।"



Downloaded from http://www.dhamma.digital

# दान चेतना

■ सत्यनारायण गोयन्का

कस्तो दान सार्थक हुन्छ ? जुन दान दिएर मन निर्मल हुन्छ । के दान दिएर मन मैलो पनि हुन सक्छ ? विवेक नभएको दान उस्को बन्धनको कारण बन्दछ, त्यस्तै अविवेक व्यक्तिको श्रद्धा र अविवेक व्यक्तिको प्रेम पनि बन्धनको कारण नै बन्दछ । विवेक भएन भने दान दिने शुद्ध धर्म-चेतना उत्पन्न हुन सक्दैन । यस्तो व्यक्तिले दान दिए पनि दुर्मनले दान दिन्छ । उस्को मन अहंकारले भरिएको हुन्छ, घृणाले भरिएको हुन्छ, ईर्ष्याले भरिएको हुन्छ, लोभ अथवा भयले भरिएको हुन्छ । यसरी दिएको दानले राम्रो फल कसरी पाउन सक्दछ ? दुर्मनको फल त दुःखद नै हुन्छ, सुखद हुन सक्दैन । विवेक भएमा नै दान शुद्ध हुन सक्छ अन्यथा त्यसमा आफ्नो लोभ-लालचलाई जोडेर दुषित बनाईन्छ । विवेक भएमा त्यस्को पवित्रतालाई नष्ट हुन दिंदैन । यदि दान दिनुको उद्देश्य नाम पाउनको लागि हो, कीर्ति पाउनको लागि हो वा कुनै लौकिक प्रतिफल पाउनको लागि हो, कुनै देवलोकको प्राप्तिको लागि हो भने यस्तो राग-रंजित दानले बाँधिन्छ । तर आफ्नो यस कुशल कर्मलाई त्यागेर अपरिग्रह रहेर आस्रव-क्षय गर्ने हेतु बनायो भने यस्तो दान कहिल्यै पनि बाँध्ने हुँदैन ।

**इदं मे पुञ्ञकम्मं आसवक्खया वहं होतु ।**

अथवा

**इदं मे पुञ्ञकम्मं निब्बाणस्स पच्चयो होतु ।**

विवेकवान व्यक्तिको लागि दान दिएको पुण्य-कर्म आस्रव-क्षय गर्न र निर्वाण प्राप्तिको मार्गमा अघि बढ्नको लागि नै हुन्छ किनकि त्यो अपरिग्रहको लागि नै दिएको हुन्छ । बोझ हल्का गर्नको लागि नै दिएको हुन्छ, बोझ बाड्नको लागि होइन । शुद्ध अपरिग्रह बुद्धिले दिएको दान लोकोत्तर निर्वाण तर्फ लैजाने हुनुको साथ-साथै यसबाट लोकीय लाभ पनि प्राप्त हुन्छ, त्यो ठीक हो । जस्तो कि यदि धान उब्जनी गरेको छ भने त्यसबाट चामल पाउनुको साथ-साथै पराल, भूस, ढूटो, कनिका आदि पनि प्राप्त हुन्छ । चिनीको फ्याक्ट्री चलाएको छ भने चिनीको साथसाथ चाकू, सक्खर आदि पनि उत्पादन हुन्छ । त्यस्तै प्रकारले शुद्ध दानले पनि समस्त मानवी तथा दैवी सम्पत्ति प्राप्त हुनुका साथै निर्वाणिक सम्पत्ति पनि उपलब्ध गराउँछ ।

**मानुस्सिका च सम्पत्ति, देवलोके च या रति ।**
**या च निब्बानसम्पत्ति, सब्बमेतेन लब्भति ॥**

अभिमान रहित मनले, मैत्री र करूणालेयुक्त चित्तले र कुनै कामना नराखी अपरिग्रह बुद्धिले दिएको दानले निर्वाण तिर लैजाने उत्तर धर्मका लागि आवश्यक पृष्ठभूमि तैयार गर्दछ । शुद्ध दान दिंदा दुई किसिमका लाभ हुन्छन्- लोकीय लाभ र लोकोत्तर लाभ । विवेकशील दानीले आफ्नो दानबाट हुने यी दुबै पक्षका लाभका बारेमा राम्ररी बुझेको हुन्छ ।

दान दिनु पहिला नै उसले प्रज्ञा पूर्वक सोच्दछ कि म किन दान दिंदैछु ? अथवा मैले किन दान दिनु पर्‍यो ? यसरी सोचेर बुझेर दान दिएको छ भने उसले स्वच्छ र सुमन चित्तले नै दान दिन्छ । सुमनको फल स्वतः लोकीय क्षेत्रमा पनि लोकोत्तर क्षेत्रमा पनि सुखद नै हुन्छ ।

विवेकशील व्यक्तिले जब आफ्नो चारैतिर अभाव ग्रष्त प्राणीहरूलाई देख्छ तब ऊ संग भएको केही हिस्सा ती प्राणीहरूलाई बाँडेर बाँकी रहेको भाग आफूले उपभोग गर्दछ । प्राणीहरू मध्ये यदि मनुष्य अभाव ग्रष्त छ भने उसको आवश्यकता पूरा गरेर आफूलाई अधिक धन्य थान्दछ । उसले यो सत्यलाई राम्ररी बुझ्दछ कि आफूसंग जे जति छन् त्यसलाई आफू एक्लैले उपभोग गर्नु धर्म-नीतिको विरूद्ध आचारण हो । यदि आफूलाई अलिकति कम भएपनि, अरूलाई दिएर बाँकी रहेको ग्रहण गर्नु धर्म हो र जब आफूसंग आवश्यकता भन्दा बढि भए पनि त्यसलाई नबाँटिकन आफूले मात्र उपभोग गर्नु घोर पाप हो । यसरी उपभोग गरेमा आफ्नो अमंगल हुन्छ, आफ्नो पराभव हुन्छ, पतन हुन्छ ।

**पहूतवित्तो पुरिसो, सहिरञ्ञो सभोजनो ।**
**एको भुञ्जति सादूनि, तं पराभवतो मुखं ॥**

जो संग प्रभूत मात्रामा धन-सम्पत्ति छन्, सुन-चाँदी आदि छन्, खाने-पदार्थ छन् र ऊ एक्लैले त्यस्को उपभोग गर्‍यो भने यो उनको पतनको कारण हुन्छ ।

विवेकशील व्यक्ति यस्तो नराम्रो हुनबाट बच्दछ, यस्तो पतन हुनबाट बच्दछ ।

विवेकशील व्यक्तिले राम्ररी जान्दछ कि मानिस एउटा सामाजिक प्राणी हो । समूहमा बस्ने प्राणी हो । अतः म अरूसंग एक साथ बस्नु पर्दछ । म अरूबाट अनेक किसिमका सुख-सुविधाहरू प्राप्त गर्दछु तर यसको बदलामा अरूको सुख सुविधामा आफूले गर्नु पर्ने दायित्व निभाउँछु कि निभाउँदिन ? यदि मसंग मलाई आवश्यकभन्दा बढी केही छन् भने त्यो अरूलाई दिएर आफ्नो दायित्व निभाउँछु । यस्तो सम्झेर ऊ जुन सामाजिक व्यवस्थामा बसेको छ, रहेको छ, त्यस व्यवस्थाको पुरातन धर्म-

परम्परालाई निभाउँदछ। यस सामाजिक व्यवस्थामा आर्थिक विषमता हुनु स्वाभाविक छ। यो विषमता यस व्यवस्थाको अनिवार्य दूषण हो। यस सामाजिक व्यवस्थामा रहेर यस दूषणलाई जति सक्दो हटाउन सक्नु नै बुद्धिमानी हुन्छ। त्यसैले पुरातन कालमा यज्ञ गर्ने प्रचलन थियो। हरेक व्यक्ति यज्ञ गर्दथे। हरेक व्यक्ति त्याग गर्दथे, बलिदान गर्दथे। पहिला अरूलाई बाँड्थे पछि मात्र आफूले उपभोग गर्दथे। अनावश्यक परिग्रहबाट रहित हुँदै कसैको कुनै वस्तु प्रति लोभको दृष्टि राख्दैनथे। तर बिस्तारै मानिसहरूको बुद्धि सेलाउँदै गयो। स्वेच्छाले प्रज्ञापूर्वक आफूसंग भएको आवश्यकताभन्दा बढी भएको सम्पत्ति यज्ञ गरेर अरूलाई दिने प्रज्ञा विस्तारै हराउँदै गयो। अतः दान दिने यो प्रथा सेलाउँदै गयो। यसलाई फेरि जीवित गर्नका लागि समाजका केही नेताहरूले यसमा देव भक्तिको रंग-रोगन चढाएको हुनसक्छ। देवी-देवतालाई प्रसन्न गर्न, सन्तुष्ट पार्नको लागि यज्ञ गर्नु, त्याग गर्नु। जो संग केही सम्पत्ति संचित भएको छ, त्यसको बलिदान गर्नु। देवताहरूको नामले बलि चढाउनु, दान दिनु। देवताको नाममा जे जति दान दिए पनि त्यो आखिरमा प्रजामा नै बाँडिन्छ। यस प्रकार सम-विभागको यो कल्याणकारी प्रथा देवताको यज्ञको नाममा चलेको होला। पशुपालन तथा कृषिप्रधान समाजमा जो संग अधिक संख्यामा पशु हुन्छन् अथवा जो संग अन्न बाली एकत्र हुन्छन्। त्यस्तो व्यक्तिले यजन गरेर आफ्नो पशुधन र अन्न बाली समाजका अन्य मानिसहरूलाई बाँडिन्छन्। जब यो यजनको काम देवताहरूको नाममा हुन थाल्यो तब यजमानले देवताको नाममा बलिदिन थाल्यो अर्थात् देवतालाई अर्पित गर्न थाल्यो। तर आखिरमा ती सम्पत्ति समाजका मानिसहरूमा नै बाँडिन्थ्यो, यसबाट सामाजिक विभेद हुन पाउँदैनथ्यो। समय-समयमा यस प्रथामा विकृतिहरू देखापरे, दूषित भए र समय-समयमा फेरि सुधार पनि भए। दान गर्ने व्यक्तिले जब जब आफ्नो विवेक हराउँदथ्यो तब-तब उसको मनको निर्मलता पनि हराउँदथ्यो र दानको पवित्र उद्देश्यलाई नष्ट गरे। जब-जब उसको विवेक जाग्यो, तब-तब उसले दानलाई सार्थक बनायो, सुफलदायी बनायो।

विवेकशील व्यक्तिले बुझ्दछ कि दान अपरिग्रहको लागि हो। कोही एकजना व्यक्तिसंग अधिक सम्पत्ति जम्मा हुन गयो भने अरूले त्यो अभाव भोग्नु नै पर्ने हुन्छ। त्यसैले समय-समयमा अपरिग्रह बुद्धिले, कर्तव्य बुद्धिले र अहंकार रहित भएर आफूसंग संचित रहेको सम्पदा अरूहरूलाई बाँडिनु पर्छ ता कि समाजमा विषमता नबढोस् र परिणाम स्वरूप मानिसहरू बीच दूरी नबढोस्। दान गरेपछि भार बोकेको व्यक्ति भारमुक्त हुन्छ र अभावग्रस्त व्यक्ति अभाव मुक्त हुन्छ।

दान आवश्यक भएको व्यक्तिलाई नै दिनु पर्छ। आवश्यकता परेका व्यक्तिहरू मध्ये पनि दान दिनको लागि योग्य पात्र छानिन्छ। विवेकशील व्यक्तिलाई यो कुरा राम्ररी थाहा हुन्छ कि राम्रो-असल माटो भएको खेतमा रोपेमा बीऊले धेरै फल दिन्छ, त्यस्तै गरी उर्वरा क्षेत्रमा रोपेको दानको बीऊले पनि राम्रो फल दिन्छ। जस्तो कहीं खाडल छन्, धेरै घाँस छन्। झार-पात छन्, जहाँ कंकड मिसिएको माटो छ, जहाँ जोतिएको छैन, चट्टान छ, जहाँ पानी ल्याउने बाटो छैन, जहाँ पानी बाहिर पठाउने बाटो छैन, जहाँ नाली छैन यस्तो खेतमा रोपिएको बीऊ महाफलदायी हुँदैन। यस्तै प्रकारले जो व्यक्तिको बोली शुद्ध छैन, जसको शारीरिक कर्म शुद्ध छैन, जसको आजीविका शुद्ध छैन, जस्ले राम्ररी प्रयास गर्दैन, जस्को स्मृति शुद्ध छैन, जसको दर्शन-दृष्टि शुद्ध छैन यस्तो दुर्जन, दुश्शील, दुर ाचारी, दुःसमाधिस्थ र दुष्प्रज्ञ व्यक्तिलाई दिएको दान महाफलदायी हुनसक्दैन।

जुन खेत समतल छ, झारपात तथा घाँस धेरै उम्रेको छैन, माटोमा कंकड-पत्थर छैन, जहाँ गहिरोसम्म जोतिएको छ, जहाँ पानी ल्याउने बाटो छ, त्यस्तै पानी बाहिर पठाउने बाटो छ, जहाँ नाली छ भने यस्तो उब्जाऊ खेतमा रोपिएको बिऊ साँच्चिकै फलदायी हुन्छ। त्यस्तै प्रकारले जो व्यक्तिको वाणी शुद्ध छ, शारिरीक कर्म शुद्ध छ, आजीविका शुद्ध छ, प्रयत्न-प्रयास शुद्ध छ, स्मृति शुद्ध छ, समाधि शुद्ध छ, चिन्तन-मनन शुद्ध छ, दर्शन-दृष्टि शुद्ध छ यस्तो सज्जन, सुशील, सदाचारी, सुसमाहित चित्त भएको, सप्रज्ञ व्यक्तिलाई दिएको दान साँच्चिकै महाफलदायी हुन्छ। यस्तो व्यक्ति चाहे जुनसुकै जाति, कुल, वर्ण, वर्ग, सम्प्रदायको होस् तर ऊ हरेक दृष्टिमा श्रमण नै हुन्छ, ब्राह्मण नै हुन्छ, पवित्र नै हुन्छ, पावन नै हुन्छ। यस्तो व्यक्ति धर्म-पथको बटुवा हो। अतः दानको बीऊ रोप्नको लागि साँच्चिकैको उपजाऊ पुण्य-क्षेत्र हो। यस्तो धर्म-पथिक जब चित्त विशुद्धिको प्रथम अवस्थालाई प्राप्त गरेर मुक्तिको स्रोतमा पर्दछ अर्थात् स्रोतापन्न हुन्छ तब उब्जनी झन बढी हुन्छ। महान पुण्य-क्षेत्र बन्दछ। यही व्यक्ति अगाडि बढ्दै बढ्दै आफू भित्रको सूक्ष्म बन्धनहरूबाट मुक्ति पाउँदै सगदागामी हुन्छ, अनागामी हुन्छ र झन उब्जाउ हुँदै अघि बढ्छ। यही व्यक्ति जब अरहन्त हुन्छ, स्थितप्रज्ञ भएर जीवनमुक्त हुन्छ, सम्पूर्ण गाँठीहरूबाट छुट्कारा पाएर निर्ग्रंथ हुन्छ, सबै प्रकारका विकारहरूलाई जितेर जिन हुन्छ, अनुत्तर सम्यक् सम्बोधि प्राप्त गरेर



Downloaded from http://www.dhamma.digital

सम्यक् सम्बुद्ध भयो भने त पवित्रताको उच्चतम अवस्थामा पुग्दछ । अत: महान उत्तम उर्वरा पुण्यभूमि बन्दछ ।

विवेकशील दानीले यस कुरालाई राम्ररी बुझ्दछ कि धर्मवान व्यक्ति मानव समाजको एउटा अनमोल सम्पत्ति हो। धर्मवान व्यक्ति स्वयंले सुख-शान्तिको जीवन जिउँछ र अरूको सुख-शान्तिको कारण पनि बन्दछ । र अरूलाई धर्मवान बन्ने प्रेरणा प्रदान गर्दछ, मार्गदर्शन प्रदान गर्दछ । त्यसैले जो जति-जति धर्मवान छ ऊ समाजको लागि त्यति त्यति नै उपयोगी हुन्छ, कल्याणकारी हुन्छ । अत: त्यति त्यति नै अधिक पूजा गर्न-वन्दना गर्न योग्य हुन्छ, आदर-सत्कार गर्न योग्य हुन्छ, दान-दक्षिणा दिन योग्य हुन्छ ।

जुन समाजमा शील-गुण-सम्पन्न धार्मिक व्यक्ति-हरूलाई अवहेलना र अपमान हुन थाल्छ र शील-गुण-विहीन व्यक्तिहरूका जाति, कुल, गोत्र, धन, सत्ता आदिको नाममा मान-सम्मान हुन्छ त्यस समाजमा धर्मको अवमूल्यन हुन जान्छ । परिणाम स्वरूप: त्यो समाज धर्मबाट टाढा हुनथाल्छ । त्यस समाजमा न्याय-नैतिकताको ह्रास हुन थाल्छ। त्यस समाजका मानिसहरू मिथ्याभिमानको शिकार बन्दछ र आफ्नो पतनको कारण स्वयं बन्दछ ।

**जातित्थद्धो धनत्थद्धो गोत्तत्थद्धो च यो नरो ।**
**सञ्ञाति उपतिमञ्ञेति तं पराभवतो मुखं ॥**

जो व्यक्ति जन्म-जातको, धन-सम्पत्तिको, कुल गोत्रको अभिमान गरेर आफ्नो समाजका अन्य साथीभाईको निरादर गर्दछ भने उसको पतनको कारण बन्दछ ।

विवेकवान व्यक्तिले बुझ्दछ कि जब कोही धर्म निष्ठ व्यक्तिलाई दान दिईन्छ तब उसको मन श्रद्धाभावले, दक्षिणा दिने भावले भरेको हुन्छ र यस्तो अवस्थामा उसको मनमा यस्तो भाव आउँदछ कि यो धर्मनिष्ठ व्यक्तिले मेरो दान स्वीकार गरेर म माथि उपकार गरेको छ। अर्को तर्फ जब कोही धर्म-विहीन व्यक्तिलाई दान दिइन्छ तब आफ्नो मिथ्या अहंभावलाई बढाउँदै यस्तो महसूस गर्दछ कि मैले उसलाई दान दिएर यस व्यक्तिको प्रति अनुकम्पा गर्दैछु । धर्महीन व्यक्तिको दाँजोमा धर्मनिष्ठ व्यक्तिलाई दान दिँदा चित्तको चेतना अधिक निर्मल हुन्छ र त्यसैले यो अधिक फलदायी हुन्छ ।

विवेकवान व्यक्तिले यो पनि बुझ्दछ कि व्यक्तिभन्दा समाज ठूलो छ । एकजनालाई भन्दा समग्रलाई दिनु महान हो । अत: कोही एकजना व्यक्तिलाई दान-सेवा दिनुको तुलनामा सार्वजनीक दान-सेवा अधिक फलदायी हुन्छ । एकजना व्यक्ति चाहे ऊ परम ज्ञानी सम्यक् सम्बुद्ध नै किन नहुन्, उनको दाँजोमा एक जमात अर्थात् संघलाई दिएको दान अधिक फलदायी हुन्छ । र संघ पनि कुनै धर्म-विहारीहरूको संघ होस्, सन्तहरूको संघ होस् अथवा साधकहरूको संघ भयो भने त कुरै भएन । दानको बीऊ रोप्ने यी क्षेत्र भन्दा राम्रो अन्य कहीं हुनै सक्दैन । यी अनुत्तर पुण्य क्षेत्र हुन् ।

विवेकशील व्यक्तिले यो कुरा राम्ररी बुझ्दछ कि समय-समय अथवा अवसरमा दिएको दान कल्याणकारी हुन्छ । जस्तो कि दुष्कालको समय, अग्निकाण्डको समय, बाढी-पैरोको समय, महामारीको समयमा पीडित व्यक्तिहरूलाई दिएको दान कल्याणकारी हुन्छ । भोकाएको व्यक्तिलाई दिएको दान, नाँगो व्यक्तिलाई दिएको दान, रोगीलाई औषधीको दान, घर नभएको व्यक्तिलाई घरवार को दान फलदायी हुन्छ । तर समय र विभिन्न परिस्थितिमा दिइने दान भन्दा अधिक उत्तम अकालिक दान नै हुन्छ । सर्वकालिक दान अथवा धर्मदान नै सबैभन्दा सर्वहित-कारीदान हो । **धम्मदानं सब्ब दानं जिनाति**— धर्मको दान नै सबैभन्दा उत्तम दान हो ।

कसैलाई धर्मदान दिनुको अर्थ कसैलाई कुनै सम्प्रदायमा दीक्षित गर्नु होइन । सार्वकालिक, सार्वदेशिक धर्म सँधै सार्वजनीन हुन्छ । यो कुनै सम्प्रदायको सानो परिधि भित्र बाँधिएर रहन सक्दैन । त्यसैले धर्मको दान कुनै सम्प्रदायमा बाँध्नको लागि होइन । सम्प्रदायको घेराबाट उठाएर शील, समाधि र प्रज्ञामा स्थापित गर्नको लागि हो, मानिसहरूलाई जाति, कुल गोत्र, धन, सत्ता र संकुचित परिधिबाट बाहिर निकालेर शुद्ध धर्मको क्षेत्रमा स्थापित गर्नको लागि हो । समाजमा शील, समाधि र प्रज्ञा प्रतिष्ठापित गर्नको लागि हो । कोही व्यक्ति शीलवान छैन भने उसलाई शीलमा स्थापित गर्नुपर्छ, कोही शीलवान छ तर समाधिवान छैन भने उसलाई समाधिमा स्थापित गर्नुपर्छ, कोही शीलवान छ, समाधिवान छ तर प्रज्ञावान छैन भने उसलाई प्रज्ञामा स्थापित गरेर विमुक्तिको रसस्वादन गराउने निर्वाणको साक्षात्कार गराउनमा सहायक हुनु नै सही अर्थमा धर्मदान दिनु हो, जुन सबैका लागि समान रूपले सर्वथा कल्याणकारी हुन्छ । धर्मदानको प्रारम्भ किताबबाट तथा प्रवचनबाट धर्मको सन्देश मानिसहरू सम्म पुऱ्याउनु हो ता कि यसबाट उनीहरू धर्मको प्रति आकर्षित होउन्, धर्म धारणा गर्नुपर्छ भन्ने प्रेरणा जागुन् र त्यसबाट मार्गदर्शन प्राप्त होउन् । श्रुत धर्मको र परियत्ति धर्मको यो दान लाभदायक हुन्छ । तर यो भन्दा पनि माथिको विशुद्ध धर्मदान त धर्म-धारण गर्ने अभ्यास गराउनु हो । यसबाट मानिसहरूको वास्तविक तथा स्थायी लाभ हुनेछ । यो दान कोही एकजना व्यक्तिका लागि मात्र नभई सार्वजनीन भयो भने सर्वोत्तम फलदायी हुन्छ ।

धर्मदानमा तन, मन, धनबाट सहभागी हुनु धर्मदानको भागीदार हुनु हो । विवेकवान व्यक्तिले बुझ्दछ कि यदि म धर्म सिकाउने काम गर्न सक्दिन, ममा त्यो क्षमता छैन भने धर्म प्रशिक्षणको काममा सहयोगी बनेर नै सेवालाभ लिन सक्छु । यसरी आफ्नो धर्मदान सम्पन्न गर्न सक्छु । यस्तो सम्झेर धर्मदानमा सहयोगी बन्दछ । धर्म सिक्ने व्यक्तिहरूका लागि भोजन, निवास तथा अन्य आवश्यक सुविधाहरू प्रदान गर्ने कार्यमा योगदान दिनु, धर्म शिविरमा सबै प्रकारका धर्मसेवा प्रदान गर्नु, शुद्ध धर्म दानमा सहभागी हुनु हो । साधकहरूका लागि भोजनको दान, ध्यान कुटीको दान अन्यान्य आवश्यक सेवा सुविधाहरूको दान धर्मदान नै हो ।

परन्तु विवेकवान व्यक्तिले यो पनि बुझेको हुन्छ कि सबै दान भन्दा पनि अधिक फलदायी हुन्छ आफू स्वयं धर्ममा स्थित रहनु, स्वयं शील समाधि र प्रज्ञामा स्थापित हुनु, स्वयं अध्यात्म तिर अघि बढ्नु । कतै दानलाई नै सबै थानेर अध्यात्मको अर्को तहसम्मको उद्देश्य प्राप्ति गर्ने काममा बाधक नबनून् । दान धर्मको पहिलो कदम हो, जुन आवश्यक कदम हो तर यो नै अन्तिम कदम होइन । पहिलो पाइला नै मजबूत भएन, कमजोरी हुन गयो भने अर्को पाइला मजबूत हुँदैन, यो सही हो । यस्तो बुझेर सम्झदार व्यक्ति जो धर्म-मार्गमा अघि बढ्नुछ, जसलाई धर्मको सुख-शान्तिमय जीवन जिउँनुछ, जसलाई धर्मको अन्तिम लक्ष्यसम्म पुग्नु छ, उसले दानलाई आफ्नो जीवनको आवश्यक अंग बनाउँदछ, अनिवार्य अंग बनाउँदछ र साथ-साथै शील, समाधि प्रज्ञामा प्रगति गर्दै अगाडि बढ्छ ।

दानलाई आफ्नो जीवनको आवश्यक अंग बनाउनका लागि प्रत्येक विपश्यी गृहस्थ साधकले आफ्नो आय मध्येबाट आफ्नो सुविधा अनुसार, आफ्नो शक्ति सामर्थ्य अनुसार प्रत्येक दिन अथवा प्रत्येक वर्ष केही न केही भाग शुद्ध दानको लागि अवश्य पनि निकाल्नु पर्छ । जस्को आम्दानी कम छ उस्ले कम निकाल्नु र अलिकति पनि हीन भाव मनमा नलिनु । चित्तको शुद्ध दान-चेतना नै फलदायी हुनेछ, दानको परिमाणले होइन । जस्को सामर्थ छ उस्ले आफ्नो दान-चेतनालाई संकुचित गरेर दुषित नबनाउनु । उदार चित्तले तर साथमा घमण्डको भाव अलिकति पनि नराखी स्वच्छ चित्तले दान दिन सिकौं ।

दान कहाँ दिने ? दान त्यहीं दिने जहाँबाट आफ्नो धर्म प्रज्ञा उत्साहित हुन्छ । जहाँको लागि आफ्नो मनमा दान चेतना जाग्छ, अवश्य दान दिनुपर्छ । जो गृहत्यागी छन् उनीहरूले बहुजन हिताय, बहुजन सुखाय शुद्ध निरामिष धर्मदान दिने क्षमता प्राप्त गर्नका लागि सँधै अग्रसर भईरहुन् र जो क्षमतावान छन् उनीहरू शुद्ध धर्मदान दिईरहुन् ।

शुद्ध सात्विक दान साधकको चित्तको आभूषण हो, चित्तको अलंकार हो, चित्तको हल्कापन हो । दानचेतना जाग्रत राखेर आफ्नो चित्तलाई धर्मले विभूषित गर्नु र त्यसलाई मंगलको मार्ग बनाउनु ।

*(साभार: विपश्यना, २०६४ मंसीर)*

## भगवान् बुद्धको उपदेश र मेरो पुकार

■ गौतम [illegible]

बुद्ध तिमीले देखायौ
शान्तिको उज्यालो संसार
यी मार अनि चोटहरू संग
सामना गर्नु नै पर्ला ।
देखायौ तिमीले चार आर्य सत्य
दुःखका अनुभव हरू
अनित्य यो जीवन जीउन के लागी
अमूल्य मनुष्य चोला ।
बुद्ध तिम्रो वर्षौं वर्षको तपस्या
हर दिन पञ्चशीलको
पवित्र पानी पिलाउनु नै होला ।
मन्न सकिदैन म आफै
बुद्धको ज्ञान भुलेर
पुण्यको फल चखाउन
फल फलाएर
बुद्ध भगवान प्रति पुकार
बुद्ध धर्म सबले गर्छ उपकार
हत्या हिंसा प्राणीघात नगर
सोचीकै धर्म गर्छौ मनै
बेसहारा लाई सहारा दिएर उपकार
यहीनै हो बुद्धको उपदेश धर्म
बुद्धको दर्शन [illegible] कर्म



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२१९

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**सद्धो सीलेन सम्पन्नो – यसो भोग समप्पितो**
**यं यं पदेसं भजति – तत्थ तत्थे व पूजितो**

***अर्थ***– जो श्रद्धावान छ, शील सुसम्पन्न छ, भोग सम्पत्ति, यश सम्पत्तिले युक्त छ, उनी जहाँ जुन प्रदेशमा गए पनि सबैतिरबाट मान, सत्कार पाउँछ ।

***घटना***– उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बास गरीरहनु हुँदा गृहपतिको कारणमा भन्नु भएको थियो ।

बुद्धको समयमा सारिपुत्र स्थविरको धर्म देशना सुनेर चित्त गृहपतिले अनागामी मार्ग फल प्राप्त गरेको थियो। एक दिन चित्त गृहपतिले भगवान् बुद्धलाई दान दिन भनी पाँचसय गाडीमा खाद्य पदार्थ तथा अन्य दान चढाउने सामान भरी तीन हजार अनुयायीसँग श्रावस्तीतिर यात्रा गरे। एक महिनाको यात्रा पछि ऊनीहरू श्रावस्ती आईपुगे ।

पाँच सय जना अनुयायी साथीसँगै चित्त गृहपति जेतवन विहारमा गएर भगवान् बुद्धको सामू श्रद्धाभावले वन्दना गरे । उसले भगवान् बुद्धलाई वन्दना गरीरहेको बेला फूलको वर्षा भएको थियो अरे । चित्त गृहपति एक महिनासम्म जेतवन विहारमा बसेर बुद्ध प्रमुख भिक्षु संघलाई भोजन दान दिए साथै आफ्ना तीन हजार यात्रु साथीलाई पनि खुवाईरहेको थियो । यो समय अवधि भरि कुनै देवी शक्ति स्वरूप उनको खाद्य भण्डार स्वत: नै पुन: भरीरहेको थियो। भोलिपल्ट आफू त्यहाँबाट छोडेर जानुभन्दा अघिल्लो राती चित्त गृहपतिले आफूले ल्याएका सबै सामानहरू विहारको कोठाकोठामा बुद्धलाई दान स्वरूप छोडेर गए । सामानहरू सबै भरी भराउ नै भएर रहेको थियो । कुनै पनि सकिएको थिएन ।

चित्त गृहपतिको गाडा समेत आवश्यक सर सामानले भरिँदै आएको थियो कुनै दैवी शक्ति स्वरूप ।

यो जम्मै कुरो देखिरहेका भिक्षु आनन्दले भगवान् बुद्धसँग सोधे– "भो भगवान् ! तथागतलाई दान दिन भनी आउँदा चित्त गृहपतिले यस्तरी सम्पन्नता पाएको त देखें । के चित्त गहृपतिले यहाँ मात्र कि अन्यत्र पनि यसरी सम्पन्नता पाएर भाग्यमानी हुन पाउँछ ?" भिक्षु आनन्दलाई जवाफ दिँदै भगवान् बुद्धले भन्नुभयो– "आनन्द ! यी उपासक अति नै श्रद्धावान छ । शील सम्पन्न छ । यिनी धार्मिक छ । यसको कीर्ति दिशा विदिशा फैलिएको छ । यस्ता पुण्यवान व्यक्ति जहाँ जुन दिशातिर गयो, त्यतै उनलाई लाभ सत्कार प्राप्त हुन्छ ।" यसरी आज्ञा भई भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

## मथुगु समन्वय्

■ [illegible]

[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible] चकू तिका मन गुलिं
[illegible] फुक्क न्हिला च्वन ।
[illegible]
[illegible] ॥

स्वार्थ स्वार्थ व परार्थ परार्थ स ।
शान्ति व अशान्ति [illegible]
[illegible]
[illegible] ॥

दयाः व द्वं थ्येके मदु ।
[illegible] मदु ।
शान्ति [illegible] फुगु मदु ।
त म्वयेला व स पुहे मदु ॥

[illegible] मदु ।
[illegible] मदु
[illegible] मदु ।
समन्वय [illegible] मदु ॥

# बुद्धशासनको इतिहास–६

■ भिक्षु अमृतानन्द

आवुसो ! भगवानले प्रतिसारणीय कर्म याचना गरिरहेको भिक्षुलाई अनुदूत◆ दिनुपर्छ भनी राखेको छ; तसर्थ मलाई पनि अनुदूत भिक्षु एकजना देउ ।"

वृजिपुत्रक भिक्षुहरूले संघ तर्फबाट एकजना भिक्षुलाई सम्मत गरेर अनुदूत दिए । आयुष्मान यश भिक्षु अनुदूत भिक्षुसंगै वैशाली नगरमा गएर त्यहाँका उपासकहरूलाई यसो भने–

"भो उपासक हो ! मैले तपाईंहरूलाई गालि गऱ्यो, तपाईहरूको श्रद्धा दूषण गऱ्यो, तपाईंहरूलाई अप्रसन्न पाऱ्यो; जुन म अधर्मलाई अधर्म, धर्मलाई धर्म, अविनयलाई अविनय, विनयलाई विनय भन्ने हुँ ।"✝

त्यहाँ आयुष्मान काकण्डकपुत्र यश भिक्षुले उपासकहरूलाई निम्न कुरा बताए–

उपासक हो ! शाक्यमुनि बुद्ध श्रावस्ती जेतवन विहारमा विहारगर्नु भएको बेलामा एक दिन वहाँले भिक्षुहरूलाई यस्तो आज्ञा गर्नुभयो–"भिक्षु हो ! चार कारणले चन्द्र सूर्यको रश्मि, तेज मलिन भएर जान्छ । यथा– बादल, हिउँ, धुँवा, तथा राहु । यस्तै भिक्षु हो ! श्रमण ब्राह्मणहरूको तेज, रश्मि मलिन हुने कारण पनि चार छन्; यथा– सुरापान, मैथुन धर्म, रूपैंया पैसा प्रतिग्रहण तथा मिथ्या जीविका ।"

एक समय भगवान बुद्ध राजगृहमा वेलुवन कलन्दक निवासमा गरी रहनु भएको थियो । त्यसबखत राजदरवारमा अनेक राजपुरूषहरू भेला भएर, श्रमण शाक्यपुत्रहरूलाई रूपैंया दिनु हुन्छ, तिनीहरूले रूपैंया पैसा ग्रहण गर्छन, स्वीकार गर्छन् भनी कुरा गरी रहे । अनि मणिचूड ग्रामणी भन्ने द्वारेले त्यस परिषदलाई यसो भने– "आर्यहरू ! त्यसो नभन्नु होस्, श्रमण शाक्यपुत्रहरूलाई रूपैंया पैसा हुँदैन न वहाँहरूले रूपैंया पैसा ग्रहण गर्नु हुन्छ, न स्वीकार गर्छन्, वहाँहरूले त्यस्ता सुन, चाँदी, रूपैंया पैसाको सम्बन्ध सबै छाडी सकेको छ ।"यो कुरालाई राज पुरूषहरूले स्वीकार गरे ।

अनि मणिचूड ग्रामणी भगवानकहाँ गई उनलाई वन्दना गरी एक छेउ बसेर आफुले अन्तपुरमा राजकुमारहरूलाई भनेको कुरा सबै बताई यसरी सोधे–

"भन्ते ! के मैले भगवानको उपदेशानुशार कुरा बताएँ ? अथवा तपाईंहरूले नबताउनु भएको, भनेको कुरा बताएँ कि ?"

"ठींक छ मणिचूड तिमीले बताएको कुरा त्यसै हो । यसमा केही दोष छैन । न तिमीले भगवानले नबताएको कुरा बतायौं । ग्रामणी ! न श्रमण शाक्यपुत्रहरूलाई रूपैंया पैसा योग्य छ, न उनीहरूले त्यसलाई ग्रहण गर्ला । ग्रामणी ! जसलाई रूपैंया पैसा योग्य छ त्यसलाई पञ्चकाम गुण पनि योग्य छ*। यो पनि तिमीले जानी लेउ कि जसलाई पञ्चकाम गुण पनि योग्य छ त्यसको अवश्य नै अश्रामाण्य अ शाक्यपुत्रिय हुनेछ । फेरि ग्रामणी ! घाँस चाहिनेले घाँस खोज्नु पर्छ, पुरूष चाहिनेले पुरूष खोज्नु पर्छ, गाडा चाहिनेले गाडा खोज्नु पर्छ भनी भन्छु । परन्तु ग्रामणी ! कुनै किसिमबाट पनि मैले रूपैंया पैसा ग्रहण गर्न योग्य, रूपैंया, पैसा खोज्नु पर्छ भन्दिन ।"▼

उपासक हो ! यो पनि मलाई थाहा छ कि एक समय भगवान बुद्ध राजगृहमा बस्नु भएको बेलामा उपनन्द शाक्यपुत्रको कारणमा उनी समन्तभद्रले रूपैया पैसा ग्रहण गर्न नहुने शिक्षापद बनाउनु भयो ।

यस्तो कुरा बताउने म हुँ उपासक हो, जसले उपासकहरूलाई अप्रसन्न पाऱ्यो– जुन धर्मलाई धर्म, अधर्मलाई अधर्म, विनयलाई विनय, अविनयलाई अविनय भन्ने हो ।

आयुष्मान काकण्डकपुत्र यश भिक्षुको यस कुरालाई सुनेर वैशाली निवासी उपासकहरू सबै प्रसन्न भएर यसो भने–

"एक मात्र आर्य काकण्डकपुत्र यश भिक्षु श्रमण शाक्यपुत्र हो; अरू सबै अ-श्रमण अ-शाक्यपुत्रिय हुन् । भन्ते ! तपाई वैशालीमा बस्नु होस् हामी तपाईलाई चतुप्रत्यय ◆ द्वारा उपस्थान गर्छौं ।

यस प्रकारले वैशाली निवासी उपासकहरूलाई सम्झाई आयुष्मान काकण्डकपुत्र यश भिक्षु अनुदूत भिक्षुसंगै विहारमा फर्के ।

अनि वृजिपुत्रक भिक्षुहरूले अनुदूत भिक्षुसंग 'यश भिक्षुले उपासकहरूसंग क्षमा माग्यो कि' भनी सोधेपछि अनुदूत भिक्षुले यसो भने–

'कहाँ आयुष्मान हो क्षमा माग्ने कुरा । झन उपासकहरूले हामी सबैलाई अ-श्रमण अ-शाक्यपुत्रिय गरी पठाए ।"



Downloaded from http://www.dhamma.digital

यो कुरा सुनेर वृजिपुत्रक भिक्षुहरूले 'आबुसो ! यो आयुष्मान यस भिक्षुले हाम्रो सम्मति नलिई उपासकहरूलाई उपदेश गऱ्यो तसर्थ हामी यसलाई उपखेपनीय कर्म❧ गरौं भनी सल्लाह गरी भिक्षुहरू सबै सीमागृहमा भेला भए ।

आयुष्मान काकण्डकपुत्र यश भिक्षु आकाशमा उडेर कौशास्वीमा उपस्थित हुन गयो । त्यहाँ आयुष्मान काकण्डकपुत्र यश भिक्षुले पावामा बस्ने र दक्षिणापथ अवन्तिमा बस्ने भिक्षुहरूले यसरी सूचना पठायो–

"अधर्म र अविनय प्रचार हुनु भन्दा अगावै, धर्म र विनयको प्रतिक्षेप हुनु भन्दा अगावै अधर्मवादी र अविनयवादीहरू सबल भएर धर्मवादी तथा विनयवादी दुर्बल हुनु भन्दा अगावै–यो अधिकरण (विवाद-झगडा) समाधान गर्न तपाईं आयुष्मानहरू आउनु पऱ्यो ।"♣

त्यसबेला आयुष्मान साणवासी सम्भूत स्थविर आहोगंगा पर्वतमा बस्नु भएको हुँदा आयुष्मान यश भिक्षु त्यहाँ गई आयुष्मान सम्भूत स्थविरलाई वन्दना गरी वैशाली निवासी भिक्षुहरूले भनी हिंडेको, गरी हिंडेको कुरा सबैलाई 'अधर्म र अविनय प्रचार हुनु भन्दा अगावै यो अधिकरण हामीहरूले छिन्नुपऱ्यो' भनी निवेदन गरे । आयुष्मान सम्भूतले 'हो' भनी उत्तर दिए ।

अनि त्यहाँ पावामा बस्ने धुतंगधारी❃ अरहतहरू● ६० जना र दक्षिणापथ अवन्तिमा बस्ने ८० जना अरहत भिक्षुहरू आइपुगे । निमन्त्रित भिक्षुहरू सबै आइपुगेपछि सबै भेला भई 'यो अधिकरण सारै जोरदार छ अतएव यो अधिकरण छिन्न कसको सहायता लिन पर्ला ? कसो गर्नु पर्ला ? भन्ने इत्यादि सल्लाह गरे ।

त्यसबखत आयुष्मान रेवत स्थविर सोरेय्यमा बस्नु भएको थियो । रेवत स्थविर त्यसबेला भएका भिक्षुहरू मध्ये एक महान पण्डित, धर्मधर, विनयधर, मातृकाधर, प्रतिसम्भिदालाभी▌ अरहत हुनुहुन्थ्यो । अत: स्थविरहरूको मनमा रेवत महास्थविरको सहायता लिने विचार उठ्यो । उता सोरेय्यमा बस्ने रेवत महास्थविरले अहोगंगा पर्वतमा बसेर स्थविरहरूले सल्लाह गरीरहेको कुरा दिव्य ध्यानले जानेर 'यो विवाद सार्है चर्को छ, यसमा अल्झिनु ठीक हुँदैन' भन्ने विचार आएपछि वहाँ रेवत महास्थविर सोरेय्य बाट संकाश्य जानु भयो । स्थविर भिक्षुहरू पनि सल्लाह गरी रेवत महास्थविर भेट्न अहोगंगा पर्वतबाट सोरेय्य गए । त्यहाँ उनलाई भेट्न नपाउँदा संकाश्य गए । रेवत महास्थविर त्यहाँबाट कान्यकुब्ज गयो भन्ने समाचार सुनेर तिनीहरू त्यहीं गए । यसै गरी जाँदा जाँदा स्थविरहरूले रेवत महास्थविरलाई सहजातिमा भेट्टाए । अनि त्यहाँ साणबासी सम्भूत स्थविरले आयुष्मान यश स्थविरलाई यसो भने:–

'आयुष्मान ! उनि रेवत महास्थविर बहुश्रुत धर्मधर मातृका धर तथा व्यक्त पण्डित हुनुहुन्छ । यदि हामीले वहाँसंग प्रश्न गऱ्यो भने एउटै प्रश्नलाई रातभर बिताइ दिन सक्नु हुन्छ । तसर्थ वहाँको शिष्यलाई पढाउन सिद्धिने बित्तिकै तिमीलेनै त्यो दस वस्तुको विषयमा प्रश्न गर ।'

"हवस् भन्ते ।" भनी आयुष्मान यश स्थविरले सम्भूत स्थविर लाई उत्तर दियो ।

पछि रेवत महास्थविरले आफ्नो शिष्यलाई पढाउन सिद्धिएपछि यश स्थविरले उनलाई वन्दना गरी यसरी प्रश्न गरे–

(१) सिंगमा नून हुन्छ कि भन्ते ?

यो के भनेको आवुसो ?

भन्ते, नून नभएको ठाउँमा सिंगमा नून राखेर लान हुन्छ कि हुन्दैन भनेको ।

हुँदैन आवुसो ।

(२) दुई अंगुल वितेपछि हुन्छ कि भन्ते ?

यो के भनेको आवुसो ?

भन्ते ! दुइ अंगुल छायाँ लामो भएपछि मध्यान्त पछि खान हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो । *(क्रमश:)*

◆ क्षमा याचना गर्न जाने भिक्षुसंगै अर्को एकजना भिक्षु साथी पठाई दिनुपर्छ । त्यो साथ जाने भिक्षुलाई अनुदूत भन्दछन् ।

† यो हं अधम्मो अधम्मोति वदामि, धम्मो धम्मोति वदामि, अविनयं अविनयोति वदामि, विनयं विनयोति वदामि– चूलवग्ग

✳ यस्स्खो गामणी जातरूपरजतं कप्पति पञ्चपि कामगुणा कप्पन्ति । –चूलवग्ग

▼ वस्नेवाहं गामणी केनचि परियायेन जातरूपरजतं सादितब्बं परियेसितब्बन्ति वदामि । – चूलवग्ग

♠ हेर्नुस् लेखकको धम्मपदटकथा बोधिनी पृ. १ ।

❧ संघ सभाबाट वहिष्कार गर्ने विनयलाई उक्खेपनीय कर्म भन्दछन् ।

♣ आगच्छन्तु आयुस्मन्तो, इमं अधिकारणं आदियिस्साम पुरे अधम्मो दिप्पति धम्मो पतिवाहियति, अविनयो दिप्पति विनया पटिवाहियति, पुरे अधम्मवादिनो बलवन्तो दुब्बला होन्ति धम्मवादिनो दुब्बला होन्ति, अनिनयवादिनो बलवन्तो होन्ति, विनयवादि दुब्बला होन्ति ।

❃ हेर्नुस् लेखकको धम्मपद्द कथा बोधिनी पृ. ३२

● हेर्नुस् लेखकको धम्मदद्द कथा बोधिनी पृ. ४

▌ हेर लेखकको धम्मपदत कथा, बोधिनी पृ. ४४ ।

# केही बौद्ध विश्वासहरू...६

■ ले. के श्रीधम्मानन्द, अनु. बरदेश मानन्धर

## बैज्ञानिक युगमा बुद्ध-धर्म

**बिज्ञान बिनाको धर्म अन्धो हो भने धर्म बिनाको बिज्ञान लङ्गडो हो ।**

**धर्ममा बिज्ञानको प्रभाव**

हामी वैज्ञानिक युगमा छौं । आज हाम्रो विचार गर्ने तरिका र जीवन पद्धतिलाई विज्ञानले आमूल परिवर्तन गरि सकेको छ । यो वैज्ञानिक क्रान्ति १७ औं शताब्दिमा पश्चिममा शुरू भएको थियो, यसले आज हाम्रो विचार र काम गराईमा निरन्तर धेरै प्रभाव पारी राखेको छ ।

वैज्ञानिक विचार धाराले खास गरेर परम्परागत धर्ममा बलियो प्रभाव पारेको छ । आधुनिक विद्वानहरू तथा वैज्ञानिकहरूको लागि धेरै परम्परागत धार्मिक धारणाहरू स्वीकार योग्य छैनन् । उदाहरणको लागि पृथ्वी नै ब्रह्माण्डको केन्द्र हो भन्ने विश्वासलाई बिज्ञानले अन्त गरिसकेको छ । केही धर्मका लागि पृथ्वी नै ब्रह्माण्डको केन्द्र हो भन्ने धारणा कुनै समयमा पवित्र भनिएको भएता पनि धेरै पहिले नै मिथ्या सावित गरिसकेको थियो । आधुनिक मनोविज्ञानले मानिसको मन उसको शरिर जस्तै प्राकृतिक तथा आकस्मिक नियम भित्र रही अपरिबर्तन आत्मा विना नै काम गर्दछ भन्ने कुरा पत्ता लगाएको छ । धेरै जसो पुराना धार्मिक विश्वासहरू आधुनिक विज्ञानको दवाव परेर बिस्तारै बिलिन भई रहेका छन् । अव कुनै ईश्वरवादी सोचाई अथवा धार्मिक ग्रन्थ वा व्यक्तिको आड लिएर सत्यलाई सावित गर्न सकिँदैन ।

विज्ञानले धेरै जसो धार्मिक रूढिवादीलाई प्रसिद्ध वैज्ञानिक सिद्धान्तको अनुरूप परिवर्तन हुन बाध्य तुल्याएको छ । उदारहरणको लागि डार्विनको सिद्धान्तलाई अघिसार्न सक्छौं । धेरै जसो धर्मले मानिसलाई देवताहरूबाट आएको विश्वास गर्थे तर डार्विनले मान्छेको पूर्वज बाँदर जस्तो भएको दावि गरे । उसको यस हाँस्यास्पद विचारले मानिसको सृष्टि र विकास देवताले गर्छ भन्ने विचारधारालाई एउटा प्रहार गरे । धेरै वर्ष सम्म यस सत्यलाई कतिपय धर्मले आफ्नो विश्वास माथि नै प्रहार भएको सम्झेर विरोध गऱ्यो । डार्बिनको यस विचारलाई सवै जसो महान विद्वानहरूले स्वीकार गरी सकेका छन् । सुरूमा विरोध गर्ने कतिपय धर्मले पछि आएर आफ्नो धर्ममा परिवर्तन गर्न वाध्य भएका छन् ।

विज्ञानको आधुनिक खोज पछि यो भन्न सक्छौं कि ब्रह्माण्ड र यसमा रहेका जीवहरूबारे धेरै जसो धर्महरूले अङ्गालि रहेका धारणाहरू परीवर्तनीय एवं विद्वत्वताको एक सोचाई मात्र थिए । केही धर्महरूले लोक-सम्मत सँग नमिल्ने भनेर वैज्ञानिक खोजलाई तिरस्कार गर्ने गर्दछ । यस्तो सोचाई मानव मात्रको प्रगतिको वाधा सावित भएको छ । सिद्धान्तहरू दोष पूर्ण भएका धर्ममा अविश्वास गर्नेहरूको संख्या बढ्ने छ । मानिसहरू अव अन्ध श्रद्धा तिर लाग्ने छैनन् र त्यस्तो कुनै कुरामा विश्वास गर्ने छन् जुन परम्परागत रूपमा मात्र चलि आएको छ । आज विज्ञानले मात्र विश्वास या अन्ध श्रद्धालाई कुनै स्थान दिएको छैन ।

मानवताको विकासमा धर्मको ठूलो सहयोग पुऱ्याएको छ । धर्मले जीवनको मूल महत्व र प्रतिष्ठा स्पष्ट पारी दिनुको साथै मनुष्य जीवनको लागि मार्ग दर्शक सिद्धान्तहरू पनि प्रस्टचाई दिएको छ तर यदि कुनै धर्मले सत्यलाई परम्परागत एवं कट्टरताको होस भित्र मात्र सिमित गर्ने र आफ्नो भौतिक अर्थ नै गुमाई सकेका उत्सव एवं व्यवहार लाई मात्र प्रोत्साहन दिँदै गयो भने मानवताको विनासमा जतिसुकै योगदान गरेको भएता पनि यस आधुनिक तथा वैज्ञानिक युगमा धर्म फस्टाउन सक्दैनन् ।

**बौद्ध धर्म र विज्ञान**

बौद्ध धर्मको उत्पत्ति आज भन्दा २५०० वर्ष अघि भारतमा भएको थियो र पछिल्लो (१२ औं) संताब्दीको शुरू सम्म पनि यो विज्ञानको कुनै प्रभाव नभएका देशहरूमा देशहरूमा मात्र सिमित थियो । तर बुद्धका शिक्षाहरू शुरू दैखि नै वैज्ञानिक सोचाईको लागि स्थान दिनुका साथै खुल्ला नै थियो । वैज्ञानिक भावनालाई सजिले सँग अगाल्न सक्नुको एक कारण बुद्धले पनि अन्ध विश्वास र रूढीवाढी भक्तिलाई कहिले ठाउँ नदिनु नै हो बुद्धले विश्वासका आफ्नो उपदेशको लागि श्रद्धाको सहारा लिनु भएन नत वहाँले आफ्नो उपदेशमा दैविय कारणलाई मान्यता आधारित गर्नु भयो । वहाँले विचारको स्वतन्त्रता र लचकतालाई ठूलो मान्यता दिनु भएको छ ।

वैज्ञानिक भावनालाई सजिलै सँग अँगाल्न सक्ने अर्को मुख्य कारण बुद्धको आध्यात्मिक सत्य प्राप्त गर्ने तरिका हो । बुद्धको आध्यात्मिक सत्य पत्ता लगाउने र यसको जाँच गर्ने तरिका वैज्ञानिकहरूको खोज गर्ने र परीक्षा जाँच गर्ने जस्तै छ । वैज्ञानिक सत्य आज वैज्ञानिक तरिकाहरू भनिनेलाई बुद्धले आज भन्दा २५०० वर्ष अगाडि नै प्रयोग गर्नु भएको थियो । बुद्धले आफ्ना अनुयायीहरूलाई



Downloaded from http://www.dhamma.digital

भित्री (मनको) जगतलाई अनाशक्त भएर हेर्न प्रोत्साहन गर्नुभयो । आज वैज्ञानिकहरूलाई यस वाह्य जगतलाई अनाशक्त भइ हेर्न सिकाइन्छ । बुद्धले आफ्ना अनुयायीहरूलाई कुनै पनि शिक्षालाई आफैले नियालेर हेरेर तथा त्यसको सत्यता आफुले सिद्ध नगरे सम्म स्वीकार नगर्न भन्नु भएको थियो । आजको आधुनिक वैज्ञानिकलाई पनि कुनै पनि वैज्ञानिक सिद्धान्त धेरै चोटिका सफल प्रयोग पछि मात्रै स्वीकार गर्न प्रोत्साहित गरीन्छ । बुद्धले आफूले पाउनु भएको ज्ञान सिर्फ वहाँकै लागि मात्र ही भनेर कहिल्यै पनि भन्नु भएन । आज वैज्ञानिकहरूले कहिल्य पनि उसले गरेको प्रयोग अरूले गर्न सक्दैनन् भनेर भन्दैनन् । त्यस्तै बुद्ध पनि सत्य प्राप्तिको वहाँको तरिकामा आजका वैज्ञानिकहरू जस्तिकै वैज्ञानिक हुनु हुन्थ्यो । बुद्धले अन्तिम सत्य सम्म पुग्न र ज्ञान लाभ गर्ने एक व्यावहारिक वैज्ञानिक ढङ्गको प्रतिपादन गर्नु भयो ।

बुद्ध धर्म वैज्ञानिक भावना स्वीकार गर्नु नै मात्र सिमित छैन, बुद्ध धर्म आधुनिक विज्ञानका परिधि भन्दा धेरै परसम्म पुगेको छ ।

निसन्देह विज्ञानको व्यावहारिक प्रयोगले गर्दा भौतिक असुविधालाई ज्यादै कम गरी एउटा आरामदायक एवं सजिलो जीवन यापन गर्नमा मानिसहरूलाई मद्दत गरेको छ । विज्ञानको कारणले गर्दा आज मान्छे माछा जस्तै पौडिन सक्छ, चरा जस्तै उडन सक्छ, चन्द्रमा सम्म पनि उ उड्न सक्छ । अझै पनि विश्वमा अचम्मका कार्यहरू गर्नमा मान्छेलाई सघाउँदै छ । यस्ता यी सबै आकर्षणका वावजुद पनि विज्ञानको धेरै सिमितता छ । प्रज्ञप्ती (लोक-सम्मती) को वैज्ञानिक बुद्धिलाई मान्य ज्ञान सीमित छ र वैज्ञानिक सत्यहरू निरन्तर परिवर्तनीय छन् । विज्ञानले जीवनको परम अर्थलाई व्याख्या गर्न सक्तैन । विज्ञानद्वारा मान्छेले आफ्नो मनलाई नियन्त्रण गर्न सक्तैन । विज्ञानद्वारा मान्छेले आफ्नो मनलाई नियन्त्रण गर्न सक्तैन । विज्ञानले चरित्र सम्बन्धी कुनै नियन्त्रण वा शिक्षा प्रदान गर्दैन । हामीलाई यी सिमितता बारे बिचार गरौं ।

वैज्ञानिक लोक सम्मत ज्ञान प्रयोग गरेर सिद्ध गर्न सकिने प्रमाण नै सिमित छ । अर्को शब्दमा वैज्ञानिक सिद्धान्तहरू इन्द्रियहरूद्वारा मनले पाउने ज्ञान नै सिमित छ । इन्द्रिय तथ्याङ्कले (पुष्टि गर्न नसक्ने) जेष्ठतम सत्यलाई विज्ञानले स्वीकार गर्दैन । वैज्ञानिक सत्य इन्द्रिय तथ्याङ्कहरूबाट आउने तर्क पूर्ण विचारमा नै सिमित छ, जुन निरन्तर रूपमा परिवर्तन र संशोधन भै रहन्छन् । त्यसकारण वैज्ञानिक सत्य त्यस्तो सत्य हो जुन वदलिंदो समयमा अडिग मात्र रहन सक्दैन । वैज्ञानिकहरू (पहिलेका सिद्धान्तहरू भेटाउन तयार हुन्छन् पछि उसले त्यसको सट्टामा त्यो भन्दा वढी (समय) सुहाउँदो सिद्धान्त पाउन सक्छ भने वैज्ञानिक सोचाइले भन्दा व्यापक ज्ञानलाई अङ्गीकार गर्नमा बुद्ध धर्म आधुनिक विज्ञान भन्दा धेरै अघि वढेको छ । वैज्ञानिक ज्ञान यसलाई प्रमाणित गर्नको लागि पूर्ण रूपले इन्द्रियहरूमा निर्भर गर्दछ भने बुद्ध धर्मले इन्द्रियहरूद्वारा पाउने ज्ञान पनि स्वीकार गर्छ र साथै व्यक्तिगत अनुभव र एकाग्र मनको तालिम र विनास गरेर मानसिक सभ्यताद्वारा प्राप्त ज्ञानलाई पनि स्वीकार गर्दछ ।

आधुनिक विज्ञानले पछिल्लो प्रकारको ज्ञानलाई मान्यता दिन्दैन । वैज्ञानिक विचार ज्यादै नै प्रमाणित कुरा मात्र खोज्छ । अर्कोतिर धार्मिक अनुभवहरू प्रयोग शालामा टेष्ट टयूव वा शुक्ष्म दर्शक यन्त्रको प्रयोग गरेर बुझ्न सकिदैन । बुद्ध धर्ममा यस्ता अनुभवहरू पवित्र एकाग्रता र ज्ञानको उच्च तहमा पुग्नका लागि मनलाई तालिम गरेर प्रमाणित गर्न सकिन्छ ।

मान्छेको ज्ञान चाहे धर्म वा दर्शन वा विज्ञान वा कलाको क्षेत्रमा मान्छेको मनको कार्य हो । मानव मन एउटा कम्प्यूटर जस्तै हो जो उसमा भरिएका सूचनाहरूको आधारमा सञ्चालित हुन्छ । मानव मनले सूचनाहरू मूख्यतया: इन्द्रियहरूबाट प्राप्त गर्दछ दुर्भाग्य वस, हाम्रा इन्द्रियहरू यति निम्न कोटिका छन् कि उनीहरू धेरै सिमित सूचनाहरू मात्र टिप्न सक्छन् र जसले संसार प्रतिको दृष्टि वाङ्गिएको (सहि रूपमा नहुनु) हुन्छ । बुद्धले विकास गर्नु भएको उच्च कोटीको मन आफ्नो कार्य सञ्चालनको लागि इन्द्रियहरूले दिएका तथ्याङ्कहरूमा मात्र निर्भर रहँदैन । इन्द्रिय तथ्याङ्कहरूमा आधारित तर्क भन्दा यो धेरै माथि पुगेको हुन्छ । यसको ज्ञान व्यापक नहुनाले र यसका सत्य प्राप्त गरी सम्बन्धित (विषयका ) मात्र हुने हुनाले विज्ञानले जीवनका परम लक्ष एवं योजनालाई व्याख्या गर्न सक्दैन । मान्छेलाई ऊ किन नाचिरहेको छ भन्ने कुरा पनि वताउन सक्दैन । वास्तवमा विज्ञान पूर्ण रूपले नै ठिक स्वभावको छ । मान्छेका आध्यात्मिक लक्ष सँग यो सम्बन्धित छैन । वैज्ञानिक विचारमा आधारित भौतिक वादले आध्यात्मिकतालाई अस्वीकार गर्दछ र भौतिक सन्तुष्टि भन्दा उच्च तहमा केही पनि प्रदान गरेन । आज विज्ञानले गरी रहेका त्यतिका प्रगतिको वावजुद पनि यसका छनौट पूर्ण सिद्धान्तले विज्ञानका धेरै विषयहरूलाई थाहा नपाइकनै रहन परेको छ । उदाहरण स्वरूप मान्छेहरूमा रहेका ती ठूला ठूला असमानताहरूलाई यसले व्याख्या गर्दैन ।

*क्रमश:*

# बुद्धवाद

■ भिक्षु अश्वघोष

बुद्धवाद गम्भीर विषय हो । शायद अरू वादभन्दा बुद्धवाद बुझ्न गाह्रो होला । बुद्ध धर्म (शिक्षा) वैज्ञानिक तथा व्यवहारिक छ भन्नुमा अत्युक्ति हुँदैन । तर बुद्धधर्म अध्ययन गर्नको लागि संकुचित र संकीर्ण हृदय हुनु हुँदैन । बुद्ध धर्मको यथार्थता बोध गर्न उदार हृदय हुनुपर्छ । अनि मात्र बुद्ध धर्म (शिक्षा) बुझ्न सजिलो हुन्छ ।

बुद्धको जन्मभूमि नेपाल हो । अत: सबै नेपालीले चाहे बौद्ध होस् वा अबौद्ध अर्थात् बुद्धको उपदेशको विषयमा ज्ञान प्राप्त गर्नु आवश्यक छ भन्नु अन्यथा नहोला । यो कुरा साँच्चै हो कि होइन भनी बुझ्नको लागि युरोप विशेषगरी बेलायत र अमेरिकाको भ्रमण गर्नुपर्छ । यदि कुनै नेपाली बौद्ध वा अबौद्ध अमेरिकामा जानुपऱ्यो भने बुद्धधर्मको सामान्य ज्ञान हुनुपर्छ किनभने त्यहाँ सम्मेलन स्थलमा बुद्धको जन्मभूमि नेपालबाट आएकाहरूसँग बुद्धधर्मको बारेमा प्रश्नहरू सोध्ने गरेको कुरा अमेरिकाबाट फर्किने नेपालीहरूबाट ज्ञात हुन्छ ।

अब म यहाँ बुद्धवादको विशेषताको बारेमा केही मेरा दृष्टिकोण पेस गर्दछु । निम्न लिखित तथ्यहरू बुद्ध धर्मका विशेषता हुन्–

१. देवब्रह्माादि केही अमानवीय शक्तिको सहायताबिना आफ्नै उत्साह र प्रयत्नद्वारा स्वतन्त्र विकास हुनुपर्छ ।
२. अनात्मवाद अर्थात् यो शरीरमा अथवा सदाकालिक स्थायी केही चीज छैन ।
३. अनीश्वरवाद
४. अरहत्वाद (निर्दोषी, स्वच्छ हृदय)
५. जाति र वर्गभेद हीनता
६. संसारका मूख्य समस्या खाद्य
७. समान जीविका (आम्दानी अनुसारमात्र खर्च गर्ने)
८. युद्धको नाश गरेर शान्तिको स्थापना
९. सारा संसार एउटै परिवारजस्तो हुनुपर्छ भन्ने भावना
१०. बहुजन हिताय बहुजन सुखायको उद्देश्यले काम गर्नु र गराउनु
११. मानव चिन्ताबाट मानव मात्रको अमूल्य वस्तु सम्झनु ।

उपर्युक्त ११ वटा कारण बुद्धवाद (बुद्ध धर्म) को विशेषता हुन् । आर्थिक चिन्ताबाट मुक्त हुन उल्लेखनीय मात्र होइनन्, वैज्ञानिक र व्यवहारिक पनि छन् । यहाँ म सातौं अंग अर्थात् समान जीविकामा मात्र अलि स्पष्ट गर्न चाहन्छु । बुद्धवादमा समान जीविकाको अर्थ आम्दानी अनुसार खर्च गरेर जीविका चलाउनु हो ।

बुद्धवादमा एउटा उल्लेखनीय कुरा के छ भने कर्म विपाक र पुनर्जन्मवाद । बुद्धधर्म कर्मविपाक र पुनर्जन्ममा आस्था राख्दछ । कर्मविपाक त मान्नैपर्छ । खराब कामको नतीजा खराब हुन्छ । राम्रो कामको नतिजा राम्रो हुन्छ । कर्मको माने काम र विपाकको अर्थ कर्मानुसारको फल हो ।

बुद्धधर्ममा पुनर्जन्म गम्भीर विषय हो किनकि बुद्धले कुनै पनि पुनर्जन्म लिने सत्ता मान्दैन । फेरि कसरी पुनर्जन्मको कुरा उठ्यो ? बुद्धकालीन धेरै विद्वान्हरूले गौतम बुद्धसंग प्रश्न सोधे कि तपाईं आत्मा मान्नुहुन्न तर पुनर्जन्म मान्नुहुन्छ । फेरि पुनर्जन्म लिने हो ?

गौतम बुद्धले उत्तरमा भन्नुभयो कि यो जन्म लिने सत्ता के हो भनी प्रश्न त यसरी हुनुपर्छ कि जन्म कसरी लिइन्छ ? पुनर्जन्म ठीक नदीजस्तो छ । गंगा र बाग्मतीलाई सधैं एउटै नामले पुकारिन्छ तर त्यसमा बहने पानी क्षण क्षणमा परिवर्तन भइरहन्छ अर्थात् नदीमा बग्ने पानी एउटै हुँदैन । हेर्दा उही पानी जस्तै देखिए पनि वास्तवमा त्यसो हुँदैन । जीवनको प्रवाह पनि यस्तै बगिरहेको एउटा गति हो ।

यस्तै अर्को उदाहरण पनि छ । जस्तो दूधबाट दही बन्छ, दहीबाट घीउ, मही आदि बन्दछ । घीउ बनिसकेपछि त्यसलाई दूध दहीको नाम लिइदैन । अघिको अस्तित्व रहँदैन । त्यस्तै जन्म लिइसकेपछि अघिको सम्बन्ध टुट्छ ।

बुद्धले भन्नुभएको छ, मनुष्यले जन्म लिनलाई तीन चीजको आवश्यकता हुन्छ । स्त्री पुरुषको संसर्ग, स्त्री ऋतुमति र गन्धर्व (बीज) को उपस्थिति । यदि स्त्री ऋतुमति भएन भने तथा बीजको उपस्थिति छैन भने गर्भधारण हुँदैन । खराब चरित्रको मानिस पनि असल चरित्रका मानिस बन्नु एक प्रकारको पुनर्जन्म हो भनी बुद्धको मतअनुसार मानिन्छ । यी कुराहरूबाट तपाईंहरूले बुझ्नुभयो होला कि बुद्धवादमा पुनर्जन्मको सिद्धान्त के र कस्तो छ भनेर ।

■



Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – २२

## (तेस्रो परिच्छेद)

■ अनु. आनन्द प्रधान

राजाले भन्नुभयो– "भन्ते ! तपाईंले भगवान् बुद्धलाई देख्नुभयो ?"

देखिंन महाराज !

"के तपाईंका आचार्यहरूले बुद्धलाई देख्नुभए ?"

देख्नुभएनन् महाराज !

"भन्ते ! त्यसो भए के भगवान् बुद्ध हुनु नै भएन त ?"

"महाराज ! हिमालय पर्वतमा तपाईंले 'ऊहा' नामको नदी देख्नु भएको छ ?"

"देखेको छुइँन भन्ते !"

"के तपाईंको बुबाले त्यसलाई देख्नु भएको थियो ?"

"देख्नु भएको थिएन भन्ते !"

"महाराज ! त्यसो हो भने के 'ऊहा' नदी नै छैन त ?"

"छ भन्ते ! हुन त मैले र मेरो बुबाले त्यो नदेखे पनि त्यो नदी चाँहि छ ।"

महाराज ! उसरी नै, हुन त मैले अथवा मेरा आचार्यहरूले भगवान् बुद्धलाई देख्नु भएनन् तर पनि उहाँ हुनुहुन्थ्यो ।

भन्ते ! राम्रो सम्झाउनुभयो ।

**१०. भगवान् अनुत्तर हुनुहुन्छ**

राजाले भन्नुभयो– "भन्ते ! के भगवान् बुद्ध अनुत्तर (परप श्रेष्ठ=सर्व श्रेष्ठ) हुनुहुन्छ ?"

"हो महाराज ! भगवान् अनुत्तर हुनुहुन्छ ।"

"भन्ते ! कसरी तपाईंले उहाँलाइ नदेख्नुभए पनि जान्नुभयो कि उहाँ अनुत्तर हुनुहुन्थ्यो ?"

महाराज ! जुन मानिसहरूले महासमुद्र देखेका छैनन् के उनीहरूले जान्दछन् कि त्यो धेरै विशाल, गहिरो (गम्भीर) र अथाह (अनन्त) छ, जसमा गंगा, जमुना, अचिरवती (राप्ती), सरयू (सरभू) र मही (गंडक) पाँचओटै ठूलठूला नदीहरू गएर खस्दछन्, तर पनि त्यो समुद्र नघट्छ नबढ्छ ?

"हो भन्ते ! जान्दछन् ।"

"महाराज ! त्यसरी नै निर्वाण पाइसक्नु भएका उहाँका ठूलाठूला श्रावकहरूलाई देखेर जान्दछु कि भगवान् अनुत्तर हुनुहुन्थ्यो ।"

"भन्ते ! सही भन्नुभयो ।"

**११. भगवान् अनुत्तर हुन भएको जान्नु**

राजाले भन्नुभयो– "भन्ते ! के यो जान्नसकिन्छ कि बुद्ध अनुत्तर हुनुहुन्थ्यो ?"

"हो महाराज ! जान्न सकिन्छ ।"

"भन्ते कसरी ?"

"महाराज ! अतीतकालमा एकजना ठूला श्रेष्ठ लेखक हुनु भएको थियो जसको नाम तिष्य स्थविर थियो । उहाँ बित्नु भएको धेरै वर्ष भयो तर पनि मानिसहरूले उहाँलाई कसरी जान्दछन् ?"

भन्ते ! उहाँले लेखिराख्नु भएको (रचना, कृति) देखेर ।

महाराज ! उसरी नै जसले धर्मलाई जान्नुहुन्छ उनले भगवान्लाई जान्नुहुन्छ किनकि उनलाई उपदेश दिनु भएको थियो ।

भन्ते ! तपाईंले सही भन्नुभयो ।

**१२. धर्मलाई जान्नु**

राजाले भन्नुभयो– "भन्ते ! तपाईंले "धर्म" भनेको के हो बुझ्नुभयो ?

"महाराज ! भगवान् बुद्धको उपदेश अनुसार श्रावकहरूले धर्मलाई बुझ्ने प्रयास (यत्न) गर्नुपर्छ ।

भन्ते ! तपाईंले सही भन्नुभयो ।

**१३. बिना संक्रमण पुनर्जन्म हुन्छ**

राजाले भन्नुभयो– भन्ते ! संक्रमण हुँदैन भने पुनर्जन्म कसरी हुन्छ ?

"हो महाराज ! बिना संक्रमण पनि पुनर्जन्म हुन्छ ।"

१. "भन्ते ! त्यो कसरी हुन्छ ? कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि कसैले एउटा बत्तीले अर्को बत्ती बाल्छ भने के यहाँ एउटा बत्ती (दियो) अर्को (बत्ती) मा संक्रमण गर्छ ?"

"गर्दैन भन्ते !"

"महाराज ! यसरी नै बिना संक्रमण पुनर्जन्म हुन्छ ।"

२. कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।

"महाराज ! के तपाईंलाई कुनै श्लोक सम्झना छ, जुन तपाईंले आफ्नो गुरुको मुखबाट सिक्नु भएको थियो ?"

"हो सम्झना छ ।"

"महाराज ! के त्यो श्लोक आचार्यको मुखबाट निस्किएर तपाईंमा पसेको हो ?"

"होइन भन्ते !"

"महाराज ! यसरी नै बिना संक्रमण पुनर्जन्म हुन्छ ।"

"भन्ते ! तपाईंले राम्रो सम्झाउनुभयो ।"

**१४. परमार्थमा कोही ज्ञाता छैन**

राजाले भन्नुभयो– भन्ते ! कोही जान्ने (= ज्ञाता = पुरुष = आत्मा) छ कि छैन ?"

स्थविरले भन्नुभयो– "महाराज ! परमार्थ (वास्तव)मा यस्तो जान्ने कोही छैन ।"

"भन्ते ! सही भन्नुभयो ।"

**१५. पुनर्जन्मको विषयमा**

राजाले भन्नुभयो– "भन्ते ! यस्तो कुनै जीव छ जो यो शरीरबाट निस्किएर अर्को (शरीर)मा प्रवेश गर्छ ?"

"छैन महाराज !"

"भन्ते ! यो शरीरबाट निस्किएर अर्को शरीरमा जाने (पुरुष, आत्मा) कोही छैन भने त्यो आफ्नो पाप कर्महरूबाट मुक्त भयो ।

"हो महाराज ! यदि उसको फेरि जन्म भएन भने निसन्देह ऊ आफ्नो पाप कर्महरूबाट मुक्त भयो तर यदि फेरि जन्म ग्रहण गर्छ भने मुक्त भएन ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि कुनै मान्छेले कुनै अर्को मान्छेको आँप चोर्‍यो भने दण्डको भागी हुन्छ कि हुँदैन ?"

"हो भन्ते ! हुन्छ ।"

"महाराज ! तर त्यो आँप त त्यसले रोपेको थिएन जुन रूखबाट त्यसले आँप लिएको थियो, फेरि त्यो दण्डको भागी कसरी हुन्छ ?"

"भन्ते ! त्यसले रोपेको आँपबाट नै त्यो उम्रेको हो त्यसकारण त्यो दण्डको भागी हुन्छ ।"

"महाराज ! यसरी एउटा मान्छेको यो नाम र रूपले राम्रा नराम्रा कर्महरू गर्छ । ती कर्महरूका प्रभावले गर्दा अर्को नाम र रूपले जन्म लिन्छ , यसैकारण त्यो आफ्नो पापकर्महरूबाट मुक्त भएन ।"

"भन्ते ! तपाईंले राम्रो सम्झाउनुभयो ।"

**१६. कर्म-फलको विषयमा**

राजाले भन्नुभयो– "भन्ते ! जब एउटा नाम-रूपबाट राम्रो अथवा नराम्रो कर्म गरिन्छ भने ती कर्महरू कहाँ बस्छन् ?"

महाराज ! कहिल्यै पनि पिछा गर्ने नछोड्ने छाँयाबाट जस्तै ती कर्महरूले उसको पिछा गरिरहन्छन् ।

"भन्ते ! के ती कर्महरू देखाउन सकिन्छ- ती यहाँ बसेका छन् भनेर ?"

महाराज ! ती कर्महरूलाई यसरी देखाउन सकिंदैन । कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।

महाराज ! के कुनै रूखका ती फलहरूलाई देखाउन सकिन्छ जुन फलहरू अहिले लागेकै छैन - ती यहाँ फल्छन् त्यहाँ फल्छन् भनेर ?"

"देखाउन सकिंदैन भन्ते ।"

"महाराज ! यसरी नै कर्महरूको यो अटूट (कहिले विच्छिन्न नहुने) प्रवाहमा तिनीहरूलाई देखाउन सकिंदैन- ती यहाँ छन् भनेर ।"

"भन्ते ! तपाईंले राम्रो सित सम्झाउनुभयो ।"

**१७. जन्म लिने कुराको ज्ञान हुनु**

राजाले भन्नुभयो– "भन्ते ! जसले जन्म लिन्छ के उसले पहिलेबाटै जान्दछ कि म जन्म लिन्छु ?"

"हो महाराज ! उसले जान्दछ ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! के कुनै कृषकले बीउ रोपिसकेपछि राम्रो वर्षा भएमा जान्दैन कि लगाएको बाली राम्रो हुन्छ भनेर ?"

"हो भन्ते ! जान्दछ ।"

"महाराज ! यसरी नै जसले जन्म लिन्छ उसले पहिलेदेखि यो कुरा जान्दछ कि म जन्म लिन्छु ।"

"भन्ते ! तपाईंले राम्रो सम्झाउनुभयो ।"

**१८. निर्वाणपछि व्यक्तित्व सर्वथा लोप भएर जान्छ**

राजाले भन्नुभयो– "भन्ते ! के बुद्ध साँच्चै हुनु भएको थियो ?"

"हो महाराज ! हुनु भएको थियो ।"

"भन्ते ! के तपाईं देखाउन सक्नुहुन्छ उहाँ कहाँ हुनुहुन्छ ?"

महाराज ! भगवान्ले परम निर्वाण पाइसक्नुभयो उहाँको निर्वाणपछि उहाँको व्यक्तित्वलाई यथावत (पूर्ववत) राख्नको लागि केही पनि रहेन । यसकारण उहाँलाई अब देखाउन सकिंदैन ।

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! बल्दै गरेको आगोको ज्वाला जुन बलेर निभ्यो के त्यो देखाउन सकिन्छ– त्यो यहाँ छ भनेर ?"

सकिंदैन भन्ते ! किनकि त्यो ज्वाला निभी सक्यो ।

महाराज ! यसरी नै भगवान्ले परम निर्वाण पाइसक्नुभयो उहाँको निर्वाणपछि उहाँको व्यक्तित्वलाई यथावत राख्नको लागि केही पनि रहेन । यसकारण उहाँलाई अब देखाउन सकिंदैन ।

हो (अब) उहाँलाई आफ्नो धर्मरूपी शरीरद्वारा देखाउन सकिन्छ । उहाँले बताउनु भएको धर्मले नै उनको विषयमा बताइरहेको छ ।

भन्ते ! तपाईंले सही भन्नुभयो । *क्रमशः*

**–: दोस्रो वर्ग समाप्त :–**



Downloaded from http://www.dhamma.digital

# कसैले कसैलाई चित्त बुझाउन सक्दैन

**■ नरेन्द्रनाथ भट्टराई**

"अघि पनि कसैले कसैलाई पनि चित्त बुझाउन सकेको थिएन, अहिले पनि सकेको छैन र पछि पनि सक्नेछैन।" यस सत्य कुरालाई बुझेर विवेकपूर्वक कर्तव्य गर्दै गएमा मात्र मानिसले सुख पाउँदछ अन्यथा सबैको चित्त बुझाइ छाड्छु भनी हिंड्ने मानिस दुःखको खाडलमा जाकिनु पर्नेछ।

एउटा गधा लिएर एकदिन बाबु र छोरा शहरतिर लागे। अलि पर मात्र के पुगेका थिए पाठशालाबाट फर्केका एक हुल विद्यार्थीहरूले भने, "कस्ता बुद्धि नभएका मानिस ! गधा हुँदाहुँदै गधालाई रित्तै हिंडाएर आफू गधाको पछिपछि लाग्ने !" यो कुरा सुनेर बाबु गधामाथि चढे, छोरा पछिपछि हिंडेर अर्को गाउँमा पुगे। त्यहाँ चौतारामा ५/७ जना लाठेहरू तिनीहरूलाई आश्चर्य प्रकट गर्दै भन्न लाग्यो, "बिचरो त्यस्तो कलकलाउँदो छोरालाई हिंडाएर यस्तो हट्टाकट्टा बाबु गधा चढेर हिंड्ने, सरम र धरम नभएको !" त्यो कुरा सुनेर बाबु गधाबाट ओर्लिएर छोरालाई गधामा चढाएर हिंड्न थाले। अलि पर के पुगेका थिए एक हुल तीर्थयात्रीहरू भेटिए। तिनको नजिकमा पुग्दा "धन्य कलियुग ! बूढा बाबुलाई हिंडाएर यस्तो जवान छोरा गधामा चढेर हिंड्ने, अघोर पाप !" भन्न लागे। यो सुन्ने बित्तिकै छोरा गधाबाट ओर्लियो। अब कसो गर्ने होला भनेर अलमलिरहेका थिएं एकजना तार्किक त्यहाँ आइपुगेर भने, "गधा भनेको चढ्ने जन्तु हो, एक-एकजना चढ्दा कुरा काटे भने दुवैजना चढ।" यसै गर्न ठीक होला भन्ठानी दुवै जना गधा चढेर गए। अलि पर फेरि केही मानिस देखिए। तिनले गाली गर्न थाले, "कस्तो निर्दयी मानिस ! २/२ जना पनि एउटा जीव माथि चढ्नु ! बरू दुवैजनाले गधालाई नै बोक्नु नि !" यो कुरा सुनेर दुवै जना ओर्लिए। नजिकैबाट एउटा बाँस ल्याएर गधाको खुट्टा बाँधेर दुईतिरबाट दुईजनाले बोकेर गए। अलि पर एउटा पुल तर्न लागेका थिए। असजिलो भएर गधा छटपटायो। सन्तुलन मिलेन, गधा तल खस्यो। तल गएर हेर्छन् त गधा स्वर्गवास भइसकेको ! अरूको चित्त बुझाउन खोज्दा यस्तै गति हुन्छ। कसैले कसैलाई चित्त बुझाउन सक्तैन।

**स्वचिन्तन नै स्वर्ग हो, परचिन्तन नै पीडा हो, नर्क हो।**

***१. चन्द्र, मंगल, शुक्र आदि ग्रहहरूमा जतिनै पटक पुगेपनि, जे जति खोजे पनि, भेटेपनि मानिस अपूर्ण नै रहन्छ। जसले आफ्नो खोजी गरेर आफूमा पुग्दछ, आफूलाई भेट्दछ त्यसले पाउनु पर्ने र भेट्नु पर्ने कुरा केही बाँकी रहँदैन।***

***२. श्रद्धामा र अभयमा भगवान्को वास रहन्छ। अन्धविश्वास र भयमा भूतप्रेत र सैतानको वास हुन्छ। भगवान्बाट शान्ति, सन्तोष र आनन्द मिल्दछ, भूतप्रेत र सैतानबाट असन्तोष, अशान्ति र दुःख मिल्दछ।***

***३. चरित्रवान व्यक्ति सबैभन्दा धनवान र बलवान हुन्छ, चरित्रहीन व्यक्ति सबैभन्दा दरिद्र र कमजोर हुन्छ।***

***४. सत् कर्म नै सच्चा धर्म र यज्ञ हो, सत् चरित्र नै सच्चा पूजापाठ हो, पाशविक भावना (काम, क्रोध, लोभ, मोह) हटाउनु नै सच्चा बलि चढाउने हो।***

***साभार- परमात्माको दर्शन (चिन्तनधारा)***


।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धन, विस्सासा परमंञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस्।*

**प्रत्येक महिनाको**

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००– ९:३० |
| दोस्रो शनिवार | डा. मोतिराज वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइवेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

**धर्मकीर्ति स्वास्थ्य कमिटी, श्रीःघः विहार**

# योग अभ्यास विधि – भाग ४५

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. **गोपाल प्रधान**
रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योति समूह नेपाल, भोटाहिटी, काठमाडौं । फोन : ४२२४०८५

## प्राणिक हिलिङ्ग ४

चमत्कार परिवर्तन छ, र परिवर्तन चमत्कार हो ।
सम्पूर्ण चमत्कार परिवर्तनशील छ र सम्पूर्ण परिवर्तन चमत्कार हो ।

ब्रह्माण्डमा निहित शक्तिलाई विज्ञानले योगभ्यास द्वारा विश्वमा हालसम्म ठूला-ठूला चमत्कारहरू गरी सकेका छन् र अझै कति चमत्कार हुने हो । यस बारे हामीले प्रतिक्षा गर्नु पर्ने छ । सोही उद्देश्य अनुरूप पूर्ण प्राकृतिक चिकित्सा पद्धति प्राणिक हिलिङ्ग एवं योगाभ्यासका निमित्त आवश्यक व्यायाम र योगाासनका बारेमा गत अंकमा केही आशन र सुक्ष्म व्यायामका बारे जानकारी प्रस्तुत गरेका थियौं । सोही अनुरूप यस अंकमा पनि केही योगाभ्यासका बारेमा जानकारी गराउन लागेका छौं ।

प्राणिक हिलिङ्ग एवं योगाभ्यासको शुरुवातको सम्बन्धमा वेद उपनिषद् पुराण आदिले प्रकृतिको शुरुवात सँगै यो पनि शुरु भएको उल्लेख गरेको छ ।

योगदर्शनका उपदेष्टा महर्षी पतञ्जलीद्वारा योगशास्त्रलाई चित्त वृत्तिनिरोध भनि उल्लेख गर्नु भएको छ । जस्लाई प्रमाण, विपर्यम, विकल्प, निद्रा र स्मृति यी पञ्च महाविद्यालाई अभ्यास गर्दा, लाभ प्राप्त हुन्छ र मन द्रष्टा (आत्मा) को स्वरूप चेतना आउँदछ सोहि अवस्थामा जीवन योगमय हुन्छ भन्नु भएको छ ।

महर्षि व्यासले प्राणिक हिलिङ्ग एवं योगाभ्यासलाई आत्म समाधि भनि उल्लेखगर्नु भएको छ । जसबाट आत्मा (चित्त) को शुद्धिकरण भई निर्वाण (समाधि) प्राप्त हुन्छ । जसलाई संस्कृतमा युज अर्थात् जोड भनी उल्लेख गरेको पाइन्छ । ऋषी, योगी-ध्यानीहरू योग शास्त्रको माध्यमबाट मुक्त अर्थात् समाधि प्राप्त गर्दछन् । ब्रह्माण्डमा परापूर्वकाल देखि योगाभ्यासको माध्यमबाट मानव जातिले विभिन्न प्रकारको शारीरिक एवं मानसिक रोगको नियन्त्रण एवं निर्मूल गरी सकेका छन् । जसबारे शास्त्रमा उल्लेख गरेको पाइन्छ । सोही अनुरुप योगाभ्यासका केही प्रक्रियाहरू संक्षेपमा उल्लेख गर्न लागेका छौं ।

१. मन्त्र योग–

साधनाबाट प्राप्त हुन्छ । यसका लागि ध्यान योग भनी छुट्याइएको पाइन्छ ।

२. लय योग–

दैनिक कर्मबाट प्राप्त हुन्छ । यसको लागि ध्यान योग भनी छुट्याइएको पाइन्छ ।

३. हठ योग–

विभिन्न मुद्रा, आसन, प्राणायाम एवं वन्धको नियमित साधनाबाट प्राप्त हुन्छ ।

४. राज योग–

नियमको साधनाबाट प्राप्त हुन्छ ।

महर्षि पतञ्जति द्वारा योगमा यम, नियम, आशन, प्राणायाम, प्रत्याहार, ध्यान, धारणा र समाधि जसलाई अष्टाङ्ग योग भनी लक्षित गरेको पाइन्छ । मुख्यतया योगका सुत्रहरूमा यसलाई पतञ्जलीको विवेचना गर्नु भएको छ । प्राणिक हिलिङ्ग एवं योगाभ्यासका यौगिक कृयाका बारेमा जब हामी शास्त्रहरूमा दृष्टिपात गर्छौं तब यही निस्कर्ष निस्कन्छ कि आध्यात्मिक साधनाको क्षेत्रमा जति पनि उपाय या विधिहरू प्रचलित थिए ती सबैलाई योगको नामबाट व्याख्या गरिन्थ्यो ।

सोही अनुरूप हामीले प्राणिक हिलिङ्ग एवं योगाभ्यासका निमित्त आवश्यक योगासनका बारेमा आगामि अंकहरूमा क्रमशः जानकारी प्रस्तुत गर्दै जाने छौं ।

*क्रमशः*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सूचं**

[illegible] गोष्ठीया [illegible] वार्षिक मेला व कार्यसमितिया [illegible]
[illegible] गोष्ठीया सकल दुजःपिन्त [illegible] इनाप दु ।
वार्षिकमेला ज्वीगु थाय्– नगदेश बुद्ध विहार, ठिमी



Downloaded from http://www.dhamma.digital

# बौद्धजन विहारमा ऋषिणी प्रव्रज्या र श्रामणेर प्रव्रज्या

■ बुद्ध कुमारी मानन्धर

२०६५ साल पुष २६ गतेदेखि माघ ३ गते सम्म सुनाकोठी बौद्धजन विहारमा ऋषिणी र श्रामणेर प्रव्रज्या कार्यक्रम अति हर्ष र उत्साह पूर्वक सुसम्पन्न भयो । गुरुमां इन्दावती, अमीर कुमारी दिदी र रमा दिदीको नेतृत्वमा गरिएको यस कार्यक्रममा भाग लिन आइपुगेका यसपालीका बालबालिकाहरू जम्मा ४४ जना छन् । मलाई लाग्छ, त्यस ठाउँ धर्मस्थल झल्किएको छ । आहा... त्यहाँको हावापानी कति रमाइलो साथै सुनमा सुगन्ध मुखैदेखि हँसीलो वहाँ धर्मगुप्त भन्ते आश्रय पाएर ती केटाकेटीहरू भाग्यमानी छन् । वहाँले बालकहरूको मुख हेर्दा र कुरा सुन्दा मनै आनन्द आउँछ भन्नु हुन्थ्यो । यसरी वहाँले बालबालिकाहरूलाई हृदयदेखि मन पराउनु भएका छन् । फलस्वरूप रमाइलो लागेर बालबालिकाहरू अर्को साल पनि आउने मन गरेका छन् । त्यसकारण वहाँ भन्तेप्रति हामी आभारी छौ ।

म यस कार्यक्रममा स्वयं सेवकको रूपमा गएको र मेरो नानीहरूको जाँच सकिसकेको भएर ऋषिणी प्रव्रज्यामा भाग लिन लगाएर सदुपयोग सुढङ्ग तरीकाले गरे । हुनत: यस कार्यक्रम चलाउन निकै गाह्रो नै छ । धर्मकीर्ति विहारदेखि लिएर बौद्धजन विहारसम्मको उपासक, उपासिकाहरू, अध्यक्ष, नायो दाजु आदिको भर-प्रयास मद्दतले हर्ष र उत्साह पूर्वक यस कार्यक्रम सुसम्पन्न हुन गएको हो ।

भनिन्छ मानिसको चोला दुर्लभ चोला, त्यसैले यस जन्ममानै पुण्य संचय गर्नुपर्छ । यहाँ भोलिको देशको कर्णधार केटाकेटीहरूलाई अष्टशील पालन गराई ऋषिणी प्रव्रज्या र श्रामणेर प्रव्रज्या बनाई धर्मको पहिलो खुड्किलो चढाउन पाइएको नै अहो भाग्य हो । त्यसकारण वहाँहरू सबैलाई म उपासिकाको तरफबाट साधुवाद टक्राउँदछु ।

विभिन्न बौद्ध विद्वानहरूबाट केटाकेटीहरूलाई सुहाउँदो कार्यक्रम प्रस्तुत गर्नुभयो । विशेष त अन्तिम चरणको हाजिरी ज़वाफ प्रतियोगिता चाहीं बच्चाहरूले मन पराएको जस्तो देखियो । किनकी यसमा एकजना पनि नछुट्याईकन प्रश्न सोधीकन उपहार दिइएको थियो, उपहार सानै किन नहोस् उनीहरूको उत्साह जगाउनु जस्तो भयो । उनीहरूको ध्यान गएको देखेर बडो रमाइलो लाग्यो ।

बौद्धजन विहार सुनाकोठी मलाई असाध्यै रमाईलो लाग्यो । त्यहाँको हावापानी, खुल्लापन र त्यहाँको मानिसहरूको हिम्मतपना देखेर खुसी लाग्यो । अनि त्यहाँको बुन्गाचा देखेर अचम्म लाग्यो । यो त त्यहाँको बासिन्दाहरूको पुण्यको फल नै होला । कति भाग्यमानी यसरी पानी पाईरहनु । म त त्यो पानी हेरीरहेर रमाएँ पनी । कहिल्यै नगएको ठाउँ पहिलो चोटी जाँदा आखिर रमाईलै लाग्यो ।

त्यसपछि मलाई सावित्री दिदीको साथ पाएर झन रमाईलो लाग्यो । वहाँ असाध्यै हाँस्नु पर्ने रहेछ, संग संगै म पनि धेरै हाँसेर आएँ । संग संगै बस्नु, खानु यस्तो मित्र पाएर मन लगाएर बस्न पाएँ । घरमा फर्कीसकेर पनि वहाँको याद आईरह्यो । वहाँलाई कस्तो लाग्यो कुन्नी ! अरू दिदीहरू अमीर कुमारी दिदी, रमा दिदी, सरोज दिदी, सुनीत दिदी, अमीता दिदी र शान्तिसंगको साथ पाएर रमाइलो भयो । फेरि अर्को साल पनि जाउँ जस्तै लागिरहेछ । आफूले साँचो काममा लागेको हो भने समयले साथ कसो नदिएला र !

यो कार्यक्रम पुन: पूर्व संचालिकाहरूले नै चलाउनु भएकोले सफल प्राप्त गर्नुभएको छ । फलस्वरूप केटाकेटीहरू अर्को साल पनि आउने रे । राम्रो काम गरे राम्रै फल पाउँछ, त्यो अवश्य नै हो, सरासर यहाँ धर्मलाई रक्षा भयो । अब वहाँहरूलाई धर्मले रक्षा गर्छ । आहा... कति सुन्दाखेरी र हेर्दाखेरी मनै आनन्द आउने । केटाकेटीहरू कति प्रभावित हुन पुगेका छन् । जिन्दगीको लामो बाटोमा एक दिन यस कुराको याद कसो झसक्क नआउला र ! ह... त्यही संस्कारले उनीहरूलाई सुमार्ग तिर जाने टेवा मिल्छ । भएन त धर्मलाई रक्षा गरेकोले धर्मले आफूलाई रक्षा गरेको ? उदाहरण त रमा दिदी पहिला ध्यानकुटी विहार बनेपामा ऋषिणी भइसक्नु भएको रहेछ । यो कुरो मैले किण्डोल विहारमा वहाँकै मुखबाट सुनेकि थिएँ । यस पवित्र संस्कारले र सही ठाउँमा लगाउनु भएको धर्मको प्रभावले आज वहाँ तन्दुरुस्त भई यस्तै पुण्यको कामहरू सफलतापूर्वक सही ढङ्गले चलाउन सकीराख्नु भएको छ । फेरि पनि यस्तो कार्यक्रमहरू आगामी दिनहरूमा अझै सफलतापूर्वक चलाउन सकियोस् भनी प्रार्थना गर्दछु ।

अनित्य संसार कति दु:खमय छ, एकदिन छोडेर जानु छ लाँदैन् केही पनि, यति कुरा थाहा पाईकन मानिस किन मिल्दैन अझै पनि । तर यहाँ मानिसलाई सहन गाह्रो भएर होला । आफू मात्र सही थानेर अरूको गल्ति मात्र देख्छ । त्यसैले आफू त्यो ठाउँमा बसी हेर्नु कस्तो हुँदो रहेछ । यसरी हामीले जोखेर हेर्न सकिन्छ यो मनलाई बुझाउन । भगवान् बुद्धले पनि भन्नुभएको छ अरूको दोषमात्र देख्ने नगर्नु आफ्नो विचार ठिक छ छैन हेर्नु र आफूले के गरें के गरिन भनेर केलाउनु । त्यसैले हामीले जीवन सार्थक बनाउन जसरी तसरी पनि आफ्नो मनलाई दरो पारी पारी आएको समस्याहरूलाई नआत्तिकन हल गरी लानुपर्छ । यो मनमा टाँसीरहेको रीस, द्वेष, लोभ, मोह आदि क्लेशहरूलाई चिनेर होशमा ल्याईकन दमन गरी लानुपर्छ । एक अर्कामा मैत्री भावना राख्नुपर्छ । अप्रमाद भई कामकुरो गर्नुपर्छ । तबमात्र हामीले सफलता प्राप्त गर्न सक्नेछौं । संगत पनि कल्याण मित्रहरूको मात्र गर्नुपर्छ । यसो गरेमा उन्नति हुने सिवाय अवनति कहिल्यै हुँदैन् । हामी विहारमा गईकन बुद्ध, धर्म, संघको शरणमा परेर जीवन सुधार्न जान्नुपर्छ ।

भवतु सब्ब मंगल ।

# दान शीलता

अनुवाद– आनन्दसिद्धि तुलाधर

कोसल देशया जुजु तसकं दानीम्ह जुजु खः। वयागु दानशीलताया यश, कीर्ति तापाक तापाक देशया कुं कुलामय् थ्यंक न्येनावना च्वंगु दु। दुःखी जनपिं माँ अबु भाःपियाः वयाथाय् वइगु जुयाच्वन।

कोसल जुजुया कीर्ति देशया प्यखेरं न्येनावंगु खनाः काशी देशया जुजु काशीराजया मनय् इर्ष्या दाह जुयाः सहयाये मजिल। थःके ब्वलंगु इर्ष्या-दाहयात पराजय यायेमफुगु हुनिंयानाः छन्हु काशीराजं कोसल देशय् हता (हमला) हे यात। हतालय् पराजय जूगुलिं कोसल जुजु निर्वाशनया निंतिं बनय् दुहांवनेमाल। सुलाः सुलाः भूमिगत जीवन हने माल।

हतालय् पराजय जूगुलिं कोसल देशया जनतातय्त भ्वखाय् ब्वःथें जुल। दुःखी जुयाः जनतात "राहुं चन्द्रमायात नुन, धर्मालम्बी जुजुया पराजय जुल। जिमि छत्रछाया मन्त" धकाः लाय्लाय्बुबुं हालाजुल। जनतातयेगु थज्यागु सः न्येनाः काशीराजया झन अप्वः तं पिहांवल। कोसल जुजुयात म्वाःम्वांक वा वयागु सीम्ह जिगु न्ह्योने सुनां तयेहइ वयात दोछि स्वर्णमुद्रा सिरपाः बियेगु घोषणा यानाः देशय् नायखिं च्वयेकेबिल।

कोसल जुजु वनं वनं चाःचाः हिलाः जुयेमाःगु हुनिं वयागु रूप व लावण्यय् गाकं हिउपाः वल। थुगु अवस्थाय् छन्हु छगू लंया दुवातय् छम्ह मनू वयाः हथाय् चाःगु पहःल कोसल जुजुयाके न्येन– "भाजु, छिं कोसल देशय् वनेगु लं सिउला ?"

छझाःला कोसल जुजु छुधाय् छुधाय् जूम्ह थें जुल। पलख लिपा जुजुं धाल– "छाय् न्येनागु उगु अभागी कोसल देश वनेगु लं ? छाय् वनेमाःगु कोसल देशय् ?"

मनूया लिसः थथे खः - "जि छम्ह बंजाः खः। लंय् वनाच्वनबले खुँ दाँकातसें जिगु वस्तु व धन ब्याकं लाकायंकल। जिं न्येनातयागु दु कोसल देशया जुजु तसकं दानीम्ह खः। दीन दुःखीपिनिगु उपकार यायेगुली वसपोल गबलेंनं लिफः स्वयाबिमज्या। कोसल जुजुयाथाय् थ्यंकः वनेफुसा वसपोलं सहानुभूति तयाः जित अवश्य नं ग्वाहालि यानाबिज्याई।

बंजाया खँ न्येनाः जुजुया नुगः करुणां भावविभोर जुल। "अथे खःसा जिं हे छित कोसल जुजुयाथाय् ब्वना यंके।" धयाः बंजाःयात नापं ब्वनाः कोसल देश पाखे स्वयाः प्रस्थान यात।

कोसल देशया लाय्कू थ्यंकाः काशीराजयात कोसल जुजुं थथे धाल– "जि कोसल देशया जुजु खः। जिं ब्वनाहयाम्ह थ्व मनू छम्ह बंजाः खः। लँय् वनाच्वंबले वयागु वस्तु व धन ब्याकं लुतेयाना यंकल। आः वयागु अवस्था तसकं दीन व दुःखदायी जुल। जितः ज्वनाः छितः लःल्हाय्हम्हसित गुलि स्वर्णमुद्रा सिरपाः घोषणा यानातःगु खः ब्याकं थ्व बंजाःयात बियाबिज्याहुं जि कोसल जुजु छपिनिगु न्ह्योने हे दु।

कोसल जुजुया खँ न्येनाः काशीराजया नुगः नाल। अले वं थथे उद्‌गार ब्यक्त यात– "धन्य खः कोसल जुजु छपिं। छपिसं जिगु मिखा चायेका बिज्यात। छपिंत छपिनिगु राज्य फुकं हे लित बियेगु जुल। छपिसं ब्वनाहम्ह बंजाःयात राज्यया धुकुतिं लिकयाः माक्व छपिसं हे बिया बिज्याहुँ।"

कोसल जुजुयात राजसिंहासनय् बिराजमान याकल। कोसल देशया जनतात लय्लय् ताल। साधुवादया सः दे न्यंकं थ्वयाच्वन।

*(साभारः "आरोग्य" हिन्दी लयपौ, गोरखपुर)*

## छ्वालुगु साब्वं दयक्यगु तालिम

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

ने.सं. ११२९ चतुर्दशी (२०६५ फागुण १२ गते सोमबार) कुन्हु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सचिव रमा शोभा कंसाकार या गोसालय् प्रेम लक्ष्मी तुलाधरया संयोजकत्वय् प्रशिक्षक केशरी शाक्य पाखें छ्वालुगु साब्वं व मल दय्‌केगु तालिम क्वचागु जुल।

जम्मा २२ सिनं ब्वति कागु उगु मिसा तालिम थःथः गु छेंं न्हिंन्हिं मदय्‌क मगागु छ्वालुगु साब्वं या उपयोगिता बारे व सिंतिं वंगु सामान पाखें मल दय्‌काः प्रयोग याय् सय्‌केदयाः तालिम काःझाःपिं फुकं लय्ताःगु व ग्यसुलाःगु लिसें कम दामं यक्को फाइदा दुगु खं प्वंका दिल।

थुकीया आयव्यय थुकथं जूगु जुल।

| | | |
|---|---|---|
| आम्दानी | = | २२००/– |
| खर्च | = | १२९८/– |
| बाँकी | = | ९०२/– |





Downloaded from http://www.dhamma.digital

# अयूलाः थ्वँ त्वःतेत बुद्ध धर्म

■ सुनिता मानन्धर

थौंकन्हय् नं बियर मत्वनेगु ला ? छु जमानां वयाम्ह छ ? का चियर्स यायेत जक जूसां भचा गिलास्य ति...! गनं पार्टी वा डिनरय् वनेबलय् पासापिंसं थथे कर यानाः त्वंकेत् स्वइ ! अथे हे नेवाः जुयां नं अयूलाः थ्वँ मत्वनेगु ला ? थ्व ला नेवाः तय्गु हे बेइज्जत जुल का धकाः नं त्वनेत बाध्यता क्यंकेगु चलन भ्रीथाय् दु ।

थ्व गज्याःगु विडम्बना मेपिं सकसिनं त्वन कि थम्हं नं त्वंने हे माःगु । छुं मखुसां कतःया न्ह्यःने फुइँ यानाः ब्वयेया लागिं जक जूसां गिलास जायेके हे माःगु । सकसिनं सिउ त्वने मजिउ, थुकिं फाइदा स्वयां नोक्सान अप्वः याइ । अथे जूसां थुकिया प्रभाव न्हियान्हिथं अप्वयाच्वंगु दु । थुकियात भ्रीसं कुलत कथं नं नाला कयाच्वनागु दु ।

बौद्ध साहित्य अध्ययन यानाः स्वयेगु इलय् बुद्ध धर्मय् न्हापांनिसें (भगवान् बुद्ध बोधिज्ञान प्राप्त यासेंनिसें) काये यःगु पदार्थ त्वने मजिउ धइगु नियम दयेकातःगु खने मदु । बुद्धकालंय् कौशलवासी ब्राह्मण कुलया प्रव्रजित भिक्षु सागत मादक पदार्थ त्वनाः लँय् हे ग्वतुलाच्वन । अनं लिपा बुद्धं सागत थें ऋद्धि सम्पन्न जूम्ह तकं अयूलाखं विक्षप्त व असंयमी जूगुलिं काये यःगु पदार्थ त्वने मजिउ धइगु नियम दयेका बिज्याःगु खः ।

थौं भ्रीसं खंकेफु, लँय् दथुइ, गल्लि गल्लि पतिकं अयूलाःथ्वँ त्वना लट्ठ जुया द्यनाच्वंपिं मनूत । ल्यायम्ह ल्यासेपिं तकं छुं ज्या मयासे मादक पदार्थ जक त्वनाः थःगु मूवंगु जीव फुकाच्वंगु नं भ्रीसं यक्वं मखनागु मखु ।

म्हिगः तक अयूलाःथ्वँ त्वनाः लट्ठ जुइपिं मनूत थौं न्हू कथंया नशाय् मोज कयाच्वंगु दु । थौंकन्हय्या नशा चरेश, अफिम, हासिस आदि लागू वासलं भ्रीगु व्यवस्थित समाजयात हे ध्वस्त याना बिउगु दु । अथे ला भचा त्वनां छु जुइ धकाः न्हिंन्हिं त्वना जुइपिं नं यक्व हे दु । तर नशा धइगु छकः बानी जुल कि उकियात त्वःते उलि अःपु मजू । लागू वासः मीपिंसं दकलय् न्हापा बानी याकेया लागि सितिकं तकं त्वंकेगु व अनं लिपा बानी जुयाः नशाया रूप कायेवं दोब्बर ध्यबा क्याः मीगु ज्या याइगु न्येनेदु । अथे हे छगिलास जक अयूलाः त्वंपिं मनूत नं विषाक्त अयूलाः लानाः गुम्हेसिया मिखा निपां कां जूगु व गुलिसिंनं थःगु ज्यान हे छूवयेमाःगु बुखँ नं थौंकन्हय् बरोबर न्यने ब्वने दयाच्वंगु दु । उकिं थौं थुकथंया कुलतपाखें तापाना च्वनेया लागि दकय् न्हापा थथम्हं थःगु मनयात ची फयेके माःगु दु । नापं सकसियां नुगलय् पंचशीलया दकलय् लिपांगु शील "जिं काये यःगु पदार्थ ब्याक्कं त्वःतेगु शील बांलाक पालना यानाच्वना" धकाः मनन याये माःगु दु ।

नशाया कारणं यानाः थौं मनूतय्सं जिउगुं मजिउगु न्ह्यःने लाक्व ज्या यानाच्वंगु दु । नशाय् जक लट्ठ जुयाच्वने दःसा संसार हे आनन्द तायेकाच्वंगु दु । उकिं उमिसं नशाया लागि हत्या हिंसा यायेगु, खुया कायेगु, लुटे यायेगु, मखुगु खँ ल्हायेगु तकं याना वयाच्वंगु दु । तर जब उमित नशाया लतं त्वःती अले उपिं थम्हं यानागु कुलत खनाः थः हे पस्ताय् चाइ । थुकथंया घटना थौं जक जूगु मखुसें जातक बाखनय् नं थुकथंया आपालं घटनात न्ह्यब्वयातःगु दु ।

न्हापाया जन्मय् सारिपुत्र वनारस देय्या जुजु जुयाच्वंगु इलय् अतिकं अयूलाः त्वनाः ला नये माःम्ह जुयाच्वन । छन्हु अयूलाःया सुरय् जुजुं ला हजि धाल । उगु दिं उपोसथ जूगुलिं ला मदु धायेवं थःगु मुलय् म्हिता च्वंम्ह काय्या गःपः म्वय्हिलाः स्यानाः ला दयेकाः नल । थुगु घटनां सीदु नशां गबलें सुयां भिं याःगु मदु ।

थौं आपाः धँयाथें ल्याय्म्ह ल्यासेपिं तकं नशा मछ्यसे च्वने मफयेधुंकल । थुकिं यानाः छखे मां अबु थः सन्तानया दुर्गति स्वये मालाच्वंगु दुसा मेखे युवा पुस्ता कुलतय् लानाः देय्या विकासय् हे पंगः थना बिउगु दु । यदि थौं नं थुकियात न्युनीकरण याये मफुत धाःसा कन्हय् थुकिं अभ्र नं भयावह स्थिति ब्वलंकेफु । उकिं थौं हे मचांनिसें नशापाखें तापाका तयेत बुद्ध धर्मया ज्ञान बीमाःगु आवश्यकता दु ।

बौद्ध साहित्यय् पंचशील पालना मयात कि जुइगु विपाक न्ह्यथना तःगु दु । काये यःगु नशालु पदार्थ छ्यलेगु धइगु तसकं ग्यानापुगु जूगुलिं हे जुइमाः पंचशीलया मेमेगु विपाक स्वयां थुकिया विपाक दकलय् अप्वः न्ह्यथनातःगु दु । थुकी मुक्कं नीगू विपाक न्ह्यथनातःगु खःसां छुं छुं विपाक जक थने न्ह्यथने । गुगु थुकथं दु : सदां स्मृति मदुम्ह जुयाः च्वने माली, सदां अल्सि जुइका च्वने माली, मूर्ख जुयाः च्वने माली, जन्म जूजूथाय् वँय् जुयाः जन्म जुइ । समाधि मदुम्ह जुयाः मनुष्य गति नाश जुइकाः च्वने माली, अतिकं द्वेषी व क्रोधी जुयाः जन्म जुइ, अतिकं झ्यातुगु म्ह घानाः च्वने माली, मखुगु खँ ल्हाइम्ह जुइ, परया चुग्ली याइम्ह जुइ, पर उपकार म्हमसिउम्ह जुइ, पाप यायेगुली लज्या मचाःम्ह जुइ, मिथ्यादृष्टि जुइ, बुद्धि भ्रष्ट जुइ आदि ।

थौं नशा छ्यलीपिं मनूतय्त जण्डिस, अल्सर, हेपाटाइटिस, क्यान्सर थेंज्याःगु ल्वचं कइगु खँ प्रमाणित जुइधुंकल । अथे ला च्वय् न्ह्यथनागु सुरापान यानागुया विपाक बांलाक दुवाला स्वयेगु खःसा थुकथं ल्वचं कइगु खँ नं प्रस्ट याः ।

थौं बुद्ध धर्मया लँपु म्हसीकाः पंचशील पालना याये फःसा समाज नं व्यवस्थित जुइगु व उकिया नापं थः स्वयम् नं स्वस्थ जुयाः ताःई ताउ तक छुं समस्या मवयेक म्वाये फइगु खँ नं यचुका बिउगु दु । *(साभारः सन्ध्या, टाइम्स ०६५ फागुण ६ गते, बुधबार)*

# महापन्थ चूल पन्थया छगू घटना

■ आनन्दमान सिंह तुलाधर

ध्व संसारय् जन्म जुयाच्वंपिं प्राणीपिनिगु ख्वा:ज्व: मला: बुद्धि विवेक नं ज्व:मला:गु विषययात कया: बुद्ध कालिन घटना छगू थन न्ह्यब्वयाच्वना ।

महापन्थ व चूल पन्थ निम्ह दाजुकिजापिं मध्ये दाजुम्ह महापन्थ न्ह्यागु विषयलय् नं तुरुन्त थूम्ह विद्वान पण्डित कहले जुल । किजाम्ह चूल पन्थ अनया अनहे लोमनीम्ह जुगुलिं चूलपन्थ सापहे निराश जुया: थ:थम्हं भिक्षु जीवन तोता वनेगु बिचा: याना च्वंवले भगवान बुद्धं उम्ह भिक्षुयात छकू टुक्रा तुयूगु काप:बिया: धयाबिज्यात - "छं मेगु छुं बिचा: यायमते ध्व काप: छकू ल्हा:तं ब्वब्वस्याना रजो हरणं, रजो हरणं धका जप यानाच्वं ।

उम्ह भिक्षुं चूलपन्थं भगवान् बुद्धं स्यना ब्यूथें जप यानाच्वना बिज्यात । काप: ब्वब्व स्याना च्वच्वं तुईस्य च्वंगु कापतय् ल्हा:यागु खिति थाना: बुलुस्य च्वंना व:गु खना: संसारया परिवर्तन स्वभावयात गथेख: अथेहे खंकेगु शक्ति दयक्य फत । काप: जक मखुस्य संसार व संसारय् च्वंपिं हरेक प्राणी व चीज वस्तुतनं उत्पत्ति विनाशया धारय्लाना: अनित्य जुया: फुनावनाच्वंगु यर्थाथ ज्ञानयात चायक्य फया: बोध जुयाबिज्यात । थुकथं भिक्षु जीवन त्याग याना बिज्याय् त्यंम्ह चूलपन्थ सदांया लागि भिक्षु जुया: बुद्ध शिष्य जुया बिज्याना: थ:गु जीवनयात भाग्यमानी यानाबिज्यात । अस्तु ।

> ❋ **"कोही संसारमा जन्मन्छ, कोही पाप नरकमा जन्मन्छ, पुण्यवान्ले स्वर्गमा जन्म लिन्छ, चित्तमल रहित अनास्रव व्यक्तिलाई परिनिर्वाण प्राप्ति हुन्छ ।"**
>
> ❋ **"आकाश, समुद्र तथा पर्वतको गुफामा जहाँ गएर बसेतापनि आफूले गरेको पापकोफलबाट बच्न सकिंदैन ।"**

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६५/१०/२१ | थाई भन्ते | अनुपमा गुरुमां |
| २०६५/१०/२७ | धम्मवती गुरुमां | चमेली गुरुमां |
| २०६५/११/१ | धम्मवती गुरुमां | चमेली गुरुमां |
| २०६५/११/६ | कुसुम गुरुमां | कुसुम गुरुमां |
| २०६५/११/१४ | केशावती गुरुमां | केशावती गुरुमां |

## धेरै सुख प्राप्तिको लागि

■ भिक्षु संघरक्षित, [illegible]

धेरै सुख प्राप्तिको लागि
धेरै सुख त्याग गर्नु
दुःख पीडा दिएर अरुलाई
सुख भोग्ने इच्छा [illegible]
कर्तव्यपथबाट विमुख भएर
अनाहक काम कुरा नगर [illegible]
प्रमादी अभिमानी रहेर
आश्रव अरुलाई नबढाउ [illegible]
[illegible] काम गर्दै नगर
[illegible] मानेमा ध्यानदि[illegible]
कायानुस्मृति [illegible] भएर
आश्रव क्षयतिर उन्मुख हुनु
निरन्तरको गुण गाइरहने
कायानुस्मृतिमा लागिरहने
ध्यानाभ्यासमा मन लगाउने
बुद्धानुयायीहरू जागृत [illegible]
अयोग्यस्थलमा बस्नु दुःख
दुःख अमेल मानिससँग बस्नु
बिना नियम प्रव्रज्या जीवन दुःख
दुःखै दुःखको पछि [illegible]
सम्मान सत्कारको पात्र बन्छ
शील, श्रद्धा यश सम्पन्न
दूरबाट पनि श्रमण चम्कन्छ
असत्पुरुष अन्धकारको [illegible]
जगहितकारी परोपकारी
आलस्य मैल विनाशक
एकान्तवासी आत्मदमनकारी
रहन्छ सदा आनन्दपूर्वक।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## अभिधर्ममा अकुसल चित्त र चेतसिक

भगवान् बुद्धले ४५ वर्षसम्म देशना गर्नु भएको सम्पूर्ण धर्म उपदेशहरू (क) सूत्र पिटक (ख) विनय पिटक (ग) अभिधर्म पिटकमा संग्रहित छन्। अति सुक्ष्म, गहन र परमार्थ सत्यहरूको विषयमा विशेष रूपमा देशना गरिएका उपदेशहरू अभिधर्म पिटकमा राखिएको छ। त्यस मध्ये "अकुशल चित्त र चेतसिक" विषयमा मिति २०६५/१०/४ का दिनमा श्री श्यामलाल चित्रकारले प्रवचन दिनु भएको थियो। सोको संक्षिप्त विवरण यस प्रकार छ।

बोलिचालिको भाषामा बेला बेलामा चित्त, मन, विज्ञान, विञ्ञाण, Mind Consciousness जे शब्द प्रयोग गरेता पनि भगवान् बुद्धले चित्तलाई संक्षिप्तमा ८९ प्रकार र विस्तृत रूपमा १२१ प्रकार हुने बताउनु भएको छ भने त्यसमध्ये सबभन्दा कम अकुशल चित्त १२ प्रकारका मात्र छन्। त्यसमध्ये पनि खासै गरिकन लोभमूल चित्त ८, दोषमूल २ र मोह मूल २ मुख्य तिन प्रकारका चित्तले मानिसहरूलाई संचालन गरि राखेका हुन्छन्। जसरी निर्मल पानीमा बाहिरको फोहर मिसिए पछि धमिलो हुन्छ त्यस्तै चित्तको स्वरूप निर्मल र स्वच्छ छ। तर त्यस्मा १४ प्रकारका अकुशल चैतसिकहरू मिसिन गएपछि अकुशल चित्त बन्ने हुन्छ। जस्ले गर्दा घर घरमा, समाजमा, देशमा अशान्ति, कलह, दुरावस्था र दु:ख भइरहेका छन्। त्यसैले अकुशल चैतसिकहरू उत्पन्न हुने बेलामा स्मृति राखि उत्पन्न भइसकेकालाई विनाश गर्नु र उत्पन्न नभएकोलाई उत्पन्न हुन नदिन हामीहरू सधैं प्रयासरत भइरहनु पर्दछ। मानिस मात्रको सबभन्दा ठूलो शत्रु ती १४ प्रकारका अकुशल चैतसिकहरू यस प्रकार छन्–

| | | |
|---|---|---|
| १. | मोह | : अविद्या, थाहानपाउनु, मिथ्यादृष्टि, गलत धारणा |
| २. | अहिरिक | : गलत काम गर्न लाज नमान्नु। |
| ३. | अनोतप्प | : गलत काम गर्न डर नमान्नु। |
| ४. | उद्दच्च | : चञ्चल हुनु। |
| ५. | लोभ | : अनावश्यक नराम्रो इच्छा गर्नु, अर्काको सम्पत्तिमा आँखा गाढ्नु। |
| ६. | दिट्ठि | : ठीकलाई बेठीक, बेठीकलाई ठीक भनि उल्टो सम्झनु |
| ७. | मान | : अभिमान गर्नु, घमण्ड गर्नु |
| ८. | दोस | : रीस गर्नु, द्वेष गर्नु, क्रोधित हुनु |
| ९. | इस्सा | : ईर्ष्या गर्नु, अरूको सुख उन्नति देखेर दाह गर्नु |
| १०. | मच्छरिया | : कञ्जुस हुनु, आफूले मद्दत गर्न र दिन सक्ने अवस्थामा पनि मद्दत नगर्नु, नदिनु |
| ११. | कुकुच्च | : गर्नु पर्ने काम नगरेर नगर्नु पर्ने काम गरेर पछि पश्चातापमा पर्नु |
| १२. | थिन | : कुशल चित्तमा अल्छिपना आउनु |
| १३. | मिद्ध | : कुशल चैतसिकहरू असमर्थ हुनु |
| १४. | विचिकिच्छा | : अन्योल हुनु, शंका हुनु |

उपरोक्त अकुशल चेतसिकहरू पनि एक्लै आउँदैन समूहमा मिलेर आक्रमण गर्न आउँछन्। जस्तै मोह, अहिरिक, अनोतप्प र उद्धच्च चारै वटा अकुशल चैतसिक बाह्रै वटा अकुशल चित्तमा हुन्छन्। लोभ चेतसिक आठवटै लोभमूल चित्तमा हुन्छन् भने दिट्ठि नभएको लोभ चित्तमा मात्र मान चेतसिक हुन्छ। त्यस्तै स्वस्फुर्त असंखारिक चित्तमा थिन मिद्ध चैतसिक हुँदैन भने अरूले उस्काएको संसखारिक चित्तमा थिन र मिद्ध चेतसिकहरू हुन्छन्। रीस उठ्नु भनेको दोष चेतसिकले गर्दा हो। दोष चेतसिक संग इस्सा, मच्छरिया वा कुकुच्च बेला बेलामा मिलेको हुन्छ।

उपरोक्त १४ वटा अकुशल चेतसिकहरू मध्ये केहि संख्याहरूको समूहलाई कहिले पञ्चनीवरण भनिन्छ भने कहिले क्लेश भनिन्छ र कहिले १० संयोजन भनिन्छ। काम, राग, क्लेश, निवरण संयोजन भनि संदर्भ हेरि जुनसुकै शब्दावली प्रयोग गरेपनि मूलभूत कुरामा उपरोक्त १४ वटा अकुशल चेतसिकहरू हुन्। तिनीहरूनै हाम्रा परम शत्रु हुन्। ती सम्पूर्ण शत्रुहरूलाई मार्ने व्यक्तिलाई नै अरहन्त वा अर्हत भनिन्छ। जन्म मरणबाट छुटकारा पाइसकेको निर्वाण अवस्थामा पुगी सकेको व्यक्तिलाई अर्हत भनिन्छ। सुखको कामना गर्ने र निर्वाणको लक्ष्य राख्ने जुनसुकै व्यक्तिले पनि यहि अकुशल चेतसिकलाई सधैं होश राखी अकुशल चित्त उत्पन्न हुन नदिन प्रयास गर्दै लानु पर्ने हुन्छ।

## नेपालमा बुद्ध धर्मको अध्ययन

*२०६५ फाल्गुण १० गते, शनिबार*

यसदिन डा. भद्ररत्न वज्राचार्यले नेपालमा बुद्ध धर्मको अध्ययन विषयमा प्रवचन दिनु भएको थियो।

प्रवचनको क्रममा उहाँले भन्नुभयो नेपालमा विभिन्न जात जातिका नागरिकहरू वसोवास गरेका भएपनि धेरैजसो राई, लिम्बु, मगर, मल्ल, शाक्य र नेवारजातीका

व्यक्तिहरूले बुद्ध शिक्षालाई स्वीकारेको पाइन्छ। अझ नेवार जातीले बुद्ध शासन संरक्षण गर्नको लागि ठूलो देन दिएको देखिन्छ । विभिन्न मठ, मन्दिर, स्तुप र विहारहरू निर्माण गरी आफ्नो देन प्रस्तुत गर्न सफल भएका छन् उनीहरू। पाटनका अभय राजाले बनाएको बुद्ध मूर्ति लगायत र विहारहरूले पनि यी कुरालाई प्रष्टाएको देखिन्छ ।

तर पछि जयस्थिति मल्लको समयमा भने जातपातको छुवाछुट गर्ने चलनले गर्दा बुद्ध शिक्षा पालन कार्यमा बाधा पुगेको देखिन्छ ।

## विषय- अधर्म वर्ग

*२०६५ पौष १९ गते*
*प्रवचक- मदन रत्न मानन्धर*
*प्रस्तुति- शान्ति शाक्य*

यसदिन अंगुत्तर निकाय अन्तर्गत ११ औं वर्ग अधर्म वर्गको प्रवचन दिनु हुँदै मदन रत्न मानन्धरज्यूबाट भन्नु भयो "अधर्म भन्ने वित्तिकै नराम्रो, खराब, कुविचार र अकर्त्तब्य भन्ने कुरा बुझिन्छ । अधर्म वर्गमा अधर्म के हो ? धर्म के हो भन्ने कुरा स्पष्ट रूपमा व्याख्या गरिएको छ। यसमा १० वटा सूत्रहरू छन् ।

भगवान् बुद्धले भिक्षुहरूलाई धर्म देशनामा भन्नु भएको थियो कि जुन व्यक्तिले अधर्मलाई अर्धम हो भनि राम्ररी प्रकास पार्छ, अरूलाई हानी नोक्सानी हुने कुरामा सचेत गर्छ, राम्रो काम कुरालाई राम्रो र नराम्रो खराबीलाई नराम्रो भनेर सचेत गर्ने र धेरैलाई हित र कल्याण हुने कार्य नै पुण्यकर्म हो ।

विनय अथवा नियम भनेको हरेक व्यक्ति, परिवार, समाज, राष्ट्रमा हुनुपर्छ। त्यसलाई कसैले उल्लङ्घन गर्न पाउँदैन। यदि कसैले नियम विपरित गऱ्यो भने उसलाई राम्ररी सम्झाएर राम्रो बाटो देखाउनु पर्दछ ।

भगवान् बुद्धको करूणा भावले गरेर कहिले काहिं कडा वचन बोल्नु पर्ने हुन्थ्यो । ६ वर्गिय भिक्षुहरूलाई गल्ती स्वीकारी शान्त भावले बुद्ध कहाँ गई, पछि उनीहरू श्रोतापन्न भए । बुद्धको यस्तो आचरणलाई स्पष्ट रूपले बुझेर लिन सक्यो भने अवश्य पनि पुण्यफल प्राप्त हुन्छ ।

त्यसैले धर्म र अधर्मलाई छुट्याउन सक्ने, सहि र गलतलाई निष्पक्ष रूपमा केलाउन सक्ने व्यक्ति नै पुण्यकर्मको हकदार बन्नेछ ।

## धर्मकीर्ति ज्ञानमाला भजनया गतिविधि

ने.सं. पोहेलागा सप्तमी ०६५/१०/४ शनिवार कुन्हु अशोक पार्टी प्यालेस यलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन अतिथिया रूपे आशाकाजी शाक्य व मंगल शोभा शाक्यया इहिपाया स्वर्णोत्सवया लसताय् ज्ञानमाला भजन प्रस्तुत जूगु बुखँ दु ।

सुलक्षणकीर्ति विहार चोभारय् भिक्षु सिङ्ग युनं च्वयादिगु देव काजी शाक्यज्यूं अनुवाद यानादीगु "अनन्तज्योति" सफू विमोचनया ज्याझ्वःलय् श्रद्धेय अनोजा गुरुमां यागु ब्वनाय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन या उपाध्यक्ष जुजू भाइ शाक्यया नेतृत्वय् भजन प्रस्तुत जुल । थुगु ज्याझ्वले अनोजा गुरुमां पाखें रु. २०००/- दां ध.ज्ञा.भ.यात प्रदान याना विज्यात ।

सुलक्षण कीर्ति विहारय् लोंहसिइत ध.ज्ञा.भ.खल पाखें ४०००/- वसपोल गुरुमांयात गुहाली या रूपे सचिव प्रेम लक्ष्मी पाखें लल्हाःगु जुल ।

ने.सं. ११२९ सिल्लागा खष्टी (२०६५/११/४/१० गते) थाय्- पद्मकीर्ति विहार निसें द्वादशी तकः सप्ताह ब्यापि महा-परित्राण पुज्यनिय धम्मवती गुरुमांया प्रमुखत्वय् न्ह्यन्हु यंकं पाठ जुगू व थप कोठा व विहार मर्मतया लसताय् कमला गुरुमांयागु निमन्त्रणाय् न्ह्यन्हु तक ध.बौ.ज्ञा.भजन प्रस्तुत जुगु खः । न्ह्यन्हु जूगु उगु ज्या इवः स ध.बौ.ज्ञा.भजनयात श्रद्धेय कमला गुरुमां पाखें प्रशंसा पत्र फ्रेम सचिव प्रेम लक्ष्मी तुलाधरयात लल्हासे ३,००५/- दां नं लःल्हाना बिज्यात । बसुन्धरा तुलाधरज्यू पाखें नं ५००५/- दां गुहाली स्वरूप प्रदान याना बिज्यात ।

हार्मोनियम सेनामिं न्ह्ययम्ह सितनं भगवान् यागु मूर्ति व किलिप छगु छगु नं बिया बिज्यात । उंकि यागु प्रायोजक कोषाध्यक्षा श्याम मान वज्राचार्य व प्राण माया वज्राचार्य ज्यूपिं खः ।

मुख्य ज्या झ्वः पद्मकीर्ति विहार या लालपूर्जा धर्मकीर्ति संरक्षण कोषया अध्यक्ष पूज्य धम्मवती गुरुमां, उपाध्यक्ष भाइराजा साहुया समुस्थितिस श्रद्धेय कमला गुरुमां व वसपोलया किजा भाजु पाखें लःल्हाना बिज्यात ।

ने.सं. ११२९ सिल्लाथ्व भीमा अष्टमी (२०६५/१०/२१) कुन्हु जमोवहालय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन जूगु जुल ।

कान्छिमाया, शुभरत्न शाक्य, चिनीया देवी शाक्य पाखें स्व. तेजानन्द शाक्य या पूण्य स्मृतिसं रु. २०००/- दां ध.बौ.ज्ञा.भजनयात गुहालीया रूपे प्रदान याना बिज्यात ।


Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार

# समाचार

**मैत्री बोधिसत्व विहारमा बुद्ध पूजा र धर्मदेशना**
*२०६५ माघ २१ गते, जमोबहा:*

यसदिन धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत भइसकेपछि पञ्चशील प्रार्थना र बुद्ध पूजा कार्यक्रम सञ्चालन भएको थियो । त्यसपछि भिक्षुणी धम्मवतीबाट धर्मदेशना भएको थियो ।

यसदिनको कार्यक्रममा उपस्थित हुनुभएका सबै गुरुमां एवं श्रद्धालु सहभागीहरूलाई स्वं तेजानन्द शाक्यको पूण्य स्मृतिमा कान्छीमाया शाक्य, शुभरत्न शाक्य र चिनीया देवी शाक्य प्रमुख सपरिवारको तर्फबाट जलपान दान गरी पूण्य सचंय गर्नुभएको थिए ।

**दान गरेको आँखा प्रत्यारोपण भएको**
*२०६५ फाल्गुण २ गते, शुक्रवार ।*

नगदेश बुद्ध विहारका उपासिका तुल्सीथकुं लवत बाडे बि.सं २०६५ माघ १६, शनिबार श्रीपञ्चमीका दिनमा देहावसान हुनु भएकोले सोही दिन वहाँको दुइवटै आँखा परिवारजनको पूर्ण सहमतिमा दान गरिएको समाचार छ । भोलिपल्ट नै तिलगंगा आँखा केन्द्रले ती दानद्वारा प्राप्त आँखाहरूमध्ये एउटा आँखा पूर्वी नेपालका हिमाली जिल्ला सोलुखुम्बु निवासी १७ वर्षीय शेर्पा थरकी तन्नेरी महिलालाई सफल प्रत्यारोपण गरीयो भने अर्को आँखा सुदूर पश्चिमाञ्चलका कैलाली जिल्ला निवासी ५० वर्षीय चौधरी थरका प्रौढ व्यक्तित्वलाई प्रत्यारोपण गरेको कुरो बुझिन आएको छ । अत: यस्तो पुनित कार्यको आनुभावले मृतक उपासिकाले निर्वाण हेतु प्राप्त गरियोस् र नेत्र दृष्य प्राप्त व्यक्तित्वहरूले कुशल कर्ममा दत्तचित्त भै लाग्न सकोस् भनी कामना गरिएको छ ।

**२५५३ औं आयुसंस्कार परित्याग दिवस**
*२०६५ फाल्गुण २ गते, शुक्रवार*

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुच: नगदेशको संयुक्त आयोजना मा माघ पूर्णिमा (सिपुन्ही) को दिनमा शान्तिका महानायक तथागत बुद्धको जीवनीसित घनिष्ठ सम्बन्ध रहेको घटना आयु संस्कार परित्याग र चत्तु सन्निपातको घटनाले गर्दा बौद्ध जगतमा माघ पूर्णिमाको महत्व भएकोले माघ २७ गते पूर्णिमाको दिनमा "आयुसंस्कार परित्याग दिवस - २५५३" मनाइयो । उक्त कार्यक्रममा वहाँको (तथागतको) गुणानुस्मरण गरी बुद्धपूजा र श्रद्धेय भिक्षु वरसम्बोधिज्यूबाट धर्मोपदेश गर्नु भएको थियो । बुद्ध पूजा पश्चात् विभिन्न साँस्कृतिक बाजागाजा सहित ज्ञानमाला भजन गाई नगदेश परिक्रमा गरियो, सो परिक्रमा पश्चात् नगदेश बुद्ध विहारको धम्महलमा पुगी प्रवचन कार्यक्रमको थालनी गरियो । सो प्रवचन कार्यक्रममा प्रमुख अतिथिको रूपमा पाल्नु भएकी श्रद्धेय भिक्षुणी केशावती गुरुमांले धर्मोपदेश गर्नु भयो भने विशिष्ट अतिथि श्रद्धेय डा. सानुभाई डंगोलज्यूले आयु संस्कारको महत्व विषयमा बोल्नु भयो । उक्त कार्यक्रमको अध्यक्षता नगदेश बौद्ध समूहका अध्यक्ष उपासक न्हुछे कुमार सिंकेमनले गर्नु भयो भने स्वागत मन्तव्य र सधन्यवाद क्रमश: रामभक्त हाँय्जु र शिव भक्त मेजुले गर्नु भई अन्तमा पूण्यानुमोदन गरिएको थियो ।

**आयु संस्कार परित्याग दिवस**
*२०६५ माघ २७ गते ।*

भोजपूर टक्सार शाक्य समाजया ग्वसालय् उपासिका शान्ति शाक्यया छ्येंस ज्ञानमाला भजन, बुद्ध पूजा व परित्राण पाठ याना: आयू संस्कार परित्याग दिवस हनेगु ज्या क्वचा:गु बुखँ दु ।

उगु लसताय् शाक्य समाजया वरिष्ठ सल्लाहकार भाजु खड्गरत्न शाक्यजुं भगवान् गौतम बुद्ध संसारया अनित्य, दु:ख व अनात्म स्वभाव न्ह्यब्वया बिज्यास्य थ:गु जरा जीर्ण शरीर त्याग याना: परिनिर्वाण प्राप्त याय्गु लागि (स्वला न्ह्यो) सिपुन्ही या न्हि खुन्हु आयू संस्कार परित्याग याना बिज्यागु जूगुलिं सिपुन्हीया महत्वयात कया: न्वचू बिया बिज्या:गु ख: ।

थुगु ज्याझ्व: समाजया न्वकू भाजु भीम शाक्य न्ह्याकूगु ख: । अन्तय् उपस्थित सकल उपासक उपासिकापिन्त छेँज: पाखें भोजन दान नं जूगु ख: ।

**पद्मकीर्ति विहार धर्मकीर्ति संरक्षण कोषयात हस्तान्तरण**
*२०६५ फाल्गुण ४-१० गते*
*पद्मकीर्ति विहार, कमल पोखरी, काठमाडौं ।*

वि.सं. २०४७ सालय् स्थापना जूगु पद्मकीर्ति विहारय् निकू कोठा थप निर्माण व अन्य आवश्यक मर्मत कार्य नं क्वचा:गु दु । थुगु ज्याझ्व: क्वचाय्क्यगु लागि श्रद्धालु दातापिनि पाखें नं यक्को गुहाली प्राप्त जूगु

खँ सीदु । थ्व हे ज्याझ्व:या उपलक्ष्ये धम्मवती गुरुमांया नेतृत्वय् प्रव्रजित गुरुमांपिनि पाखें साप्ताहिक महापरित्राण पाठ नं सम्पन्न जूगु दु । फागुण ४ गते निसें न्ह्या:गु उगु महापरित्राण ज्याझ्वले न्हेन्हु यंकं धर्मकीर्ति ज्ञानमाला पाखें ज्ञानमाला भजन नं प्रस्तुत जूगु जुल ।

थुगु पूण्य कार्यस ब्वतिकयादीपिं गुरुमांपिं लगायत श्रद्धालु दातापिं फुक्कसितं न्हेन्हु तकनं जलपान भोजनया व्यवस्था नं जूगु ख: ।

थ्व हे उपलक्ष्ये पद्मकीर्ति विहारया प्रमुख कमला गुरुमां नं थुगु विहारया पाखें बुद्ध धर्म चीरस्थाई यायूगु ज्याय् गुहाली ज्वीकेगु उद्देश्य तया: थुगु विहार धर्मकीर्ति संरक्षण कोषयात सश्रद्धा हस्तान्तरण यानाबिज्यागु समाचार दु ।

अथेहे पद्मकीर्ति विहार न्ह्यावलें सुथांलाक्क न्ह्याके फयक्यत संरक्षण कोष नं स्थापना जूगु दु । थुगु कोषय् श्रद्धालु दातापिनि पाखें थुकथं सहयोग बियादीगु बुखं प्राप्त जूगु दु ।

*दातापिनिगु नां व थाय्, सहयोग रकम–*


१. धम्मवती गुरुमां, धर्मकीर्ति विहार रु. २००,०००/-
२. कमला गुरुमां, पद्मकीर्ति विहार रु. २००,०००/-
३. भाइराजा, बसुन्धरा तुलाधर, गैरीधारा रु. १००,०००/-
४. राजेश रु. ५०,०००/-
५. तेजलाल/ध्रुव दाश, विमला राजकर्णिकार, नरदेवी रु. १०,०००/-
६. अशोक, अमला, अमिता, अनीता, अनुप तुलाधर, हरिहर भवन रु. १०,०००/-
७. ञाणशीला गुरुमां, पाटन रु. १०,०००/-
८. रत्नबेटी शाक्य, लाजिम्पाट रु. १०,०००/-
९. मनोरमा तुलाधर, विद्या वज्राचार्य, पद्मिनी कंसाकार, करूणा तुलाधर, प्रज्ञा तुलाधर रु. १०,०००/-
१०. कमलदेवी, पन्नादेवी वज्राचार्य रु. १०,०००/-
११. अशोक सुन्दर, मीना, ज्वाईं, छोरा अरूणीमा रु. १०,०००/-
१२. स्व. डा.धीरमान शाक्यया नामं सुमन व सुमीत्रा शाक्य रु. ११,१५८/-
१३. कान्छीमाया शाक्य व काय् राजेन्द्र शाक्य, सेतोदरबार रु. ११,१५८/-
१४. शुभरत्न, चिनीया देवी शाक्य, बागबजार रु. ११,१५८/-
१५. नीर सुन्दर, सुवर्ण शोभा मङ्ग सुन्दर, शनी सुन्दर, शुनी, ज्याठा रु. १०,५०१/-
१६. धन लक्ष्मी चित्रकार, विमला कंसाकार रु. १०,०००/-
१७. बुद्ध रत्न, चन्द्रशोभा कंसाकार, ज्याठा रु. १०,०००/-
१८. श्याम मान, प्राणमाया वज्राचार्य, डबलरत्न, नील शोभा तुलाधर रु. १०,०००/-
१९. पूर्ण शोभा शाक्य, सुमति तुलाधर, बुद्धि प्रभा तुलाधर रु. १०,०००/-
२०. श्रीमीला सुवाल रु. १०,०००/-
२१. हेरादेवी तन्दुकार, मैया रञ्जित, लक्ष्मी डंगोल, नानी महर्जन, लक्ष्मी महर्जन रु. १०,०००/-
२२. स्व. जगत बहादुरया नामं बिजुली माया श्रेष्ठ रु. १०,०००/-
२३. नीरकमल, सरीना, निलीमा रु. १०,०००/-
२४. लक्ष्मीदेवी तुलाधर, कमलादी रु. ११,०००/-
२५. चन्द्रमाया तन्दुकार, कमलादी रु. १०,०००/-

## बुद्ध शिक्षाया प्रारम्भिक प्रशिक्षण शिविर क्वचाल

*२०६५ फागुण २३-२५*

*थाय्- बौद्ध जन विहार, सुनागुठी*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् थुगु गोष्ठीया दुज:पिनि लागि बुद्ध शिक्षाया प्रारम्भिक प्रशिक्षण शिविर स्वन्हुतक (फागुण २३-२५) संचालन जूगु बुखँ दु । थुगु बुखँया विस्तृत विवरण लिपाया अङ्कय् प्रस्तुत ज्वी ।





Downloaded from http://www.dhamma.digital

## भिन्तुना

■ घोषक शाक्य "प्रदीप"

भिन्तुना भिन्तुना भिन्तुना
भिक्षु ज्ञानपूर्णिकयात भिन्तुना
भिन्तुना भिन्तुना भिन्तुना
श्रद्धेय महास्थविरजुयात भिन्तुना

जन्मजुल पहाडी लागाय् सम्वत् दोछी व ख्वीछुदँस्
बजार पाल्पाया तानसेन, तिथि कछलाथ्व एकादशी ।
नामदत हीरालाल शाक्य, जुया मां अबु सूर्य व चन्द्र
"शील पाठशाला" टक्साराय् जुल न्हापांगु शिक्षा केन्द्र ॥

भिन्तुना भिन्तुना भिन्तुना
भिक्षु ज्ञानपूर्णिकयात भिन्तुना
भिन्तुना भिन्तुना भिन्तुना
भिं उसायँ व ता: आयूयानिर्ति भिन्तुना

फिंखुदँया वैंश दुवलय्, न्ह्याकल वर्माया भ्रमण
गुंलाथ्व नवमि तिथिकुन्हु, यात श्रामणेर दीक्षा ग्रहण ।
ज्ञानं परिपूर्ण ज्वीमा ज्वीमु खना, भिक्षुसंघ धाल श्रामणेर ज्ञानपूर्णिक
लाभजुल भिक्षु उपसम्पदा, सउलाथ्व चतुर्थीस ॥

भिन्तुना भिन्तुना भिन्तुना
भिक्षु श्रमण यसपोलयात भिन्तुना
भिन्तुना भिन्तुना भिन्तुना
श्रद्धेय महास्थविरजुयात भिन्तुना

लाभयाना कयदत सासनध्वज धम्माचरियं उपाधिनं
वर्माया पाली विश्वविद्यालयपाखें इंग्लैण्डवन्त् ....... व ........ ।
प्राप्तजुल संस्कृताचार्य नं वाराणसेय संस्कृत विश्वविद्यालयस,
देखाना ...... मंगलमय भिन्तुना, उपसम्पदा पूवंगु न्येदँया लसताय ॥

भिन्तुना भिन्तुना भिन्तुना
भिक्षु धम्माचरियजुयात भिन्तुना
भिन्तुना भिन्तुना भिन्तुना
उपसम्पन्न स्वर्ण महोत्सवया लसताय् दुनुगलनिसें भिन्तुना ॥

## धात्थेंगु सुख

■ भरत राज चित्रकार
त्योड टलाछीला (वनुगनी)

थौ धाथां कन्हेय् धाथां
फौगु आपु पिला जुगु वन रे
सुख धाथा ल्वाय् जुल सकलें
दु:ख जक फने ल्यू ल्यू वल रे

थ्व जिगु व छंगु धाधा फीस
भौतिक संपत्ति जक मुनाच्वना रे
छुकिइया माया थ्व वस्तुई फीत ?
छन्हूला फुक्कं त्वता वनेमानि रे

धर्म धाथां कर्मया फल मसिया
य:क्वया प्राणीया हत्या यात रे
थ:गु न्ह्योने कुकर्म यागु स्वया
थौ: मनं फौखना लयताई रे ?

तृष्णाया जा:लय् जक तक्येन फौ
द्वेश हे मदेयक रोगं मस्वाई रे
फसं कया चिकं इँता: प्वाक्क: सि वें
जीवन फौगुनं नयेहे छ्न्हु फुनावनि रे

थ: बल्लातले कतापिन्त स्वत्येलिपिं भौपि
भाग्यमानी तायका फौ लयताइपि रे
ल्ययुनं थल जुया सासाय् पलाजुई छन्हु
थ:गु यानावल्गु कुकर्म फुकं अले लुमनाई रे

इलय् हे धर्मया मार्ग मयूल धायेवं
म्वानानं फौ चिइना वै नुई रे
शील, समाधी व प्रज्ञा बुद्धंकेया निति
"विपश्यना" ध्यान छुकसां ब्यानेनु रे

म्हुतु छुपा, जक "पंचशील" थ्योना मच्वसे
पालना हे यानां छुक: स्वेनु रे
मन क्वातुका सुकर्मय् पला: न्ह्याकुसा
थ्व थें जागु सुख फौत मेगु छु दे रे ?




Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

# अनन्त ज्योति:

**श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन, अनुवाद: देव काजी शाक्य**

१

- सासू बुहारीबीचको प्रथम श्रेणीको सम्बन्ध: आमा छोरीको जस्तो घनिष्ठ सम्बन्ध समान हुन्छ ।
- सासू बुहारीबीचको द्वितीय श्रेणीको सम्बन्ध: मित्रहरूबीचको सम्मानित सम्बन्ध समान हुन्छ ।
- सासू बुहारीबीचको तृतीय श्रेणीको सम्बन्ध: राजा र प्रजाबीचको निरंकुश सम्बन्ध समान हुन्छ ।
- सासू बुहारीबीचको चतुर्थ श्रेणीको सम्बन्ध: दुई शत्रुबीचको घृणित सम्बन्ध समान हुन्छ ।

२

- प्रथम श्रेणीका आमाबाबुले आफ्ना छोराछोरीलाई साधु सन्त समान तालीम प्रदान गर्दछन् ।
- द्वितीय श्रेणीका आमाबाबुले आफ्ना छोराछोरीका आवश्यकता प्रदान गरी तिनीहरूलाई परिवार र व्यवसाय संस्थापनमा सहायता गर्दछन् ।
- तृतीय श्रेणीका आमाबाबुहरू आफ्ना छोराछोरीहरू पुल्पुल्याएर उनीहरूका समय बर्बाद गरिदिन्छन् ।
- चतुर्थ श्रेणीका आमाबाबु छोराछोरीलाई शिक्षित तुल्याउँदैन बरू दुर्व्यवहार गर्दछन् ।

३

- प्रथम श्रेणीका छोराछोरीहरू आमाबाबुप्रति उचित भक्तिभाव व्यक्त गरी साँझ बिहान उनीहरूलाई आदर सत्कार गरी सम्बोधन गर्छन् ।
- द्वितीय श्रेणीका छोराछोरीहरू आफ्ना आमाबाबुका आवश्यकताहरू पूरा गर्न कडा परिश्रम गर्दछन् ।
- तृतीय श्रेणीका छोराछोरीहरू अल्छी बनी नराम्रा मानिसका संगतमा पर्दछन् ।
- चतुर्थ श्रेणीका छोराछोरीहरू खराब काम गरी आमाबाबुका आज्ञा पालन गर्दैनन् ।

४.

- प्रथम श्रेणीका पतिमा हाँसो ठट्टा गर्ने गुण हुन्छ र दैनिक कामकाजमा सहायता गर्दछ ।
- द्वितीय श्रेणीका पति दैनिक पत्रपत्रिका पढ्दै चिया पिउन रमाउँछ र पत्नीको निरन्तर प्रशंसा गर्दछ ।
- तृतीय श्रेणीका पति चिड्चिड् स्वभावका भई पत्नीसँग गुनासो पोखिरहन्छ ।
- चतुर्थ श्रेणीका पति आफ्ना साथीहरूसँग मस्त गफमा लागि अबेर घर फर्कन्छ ।

५

- प्रथम श्रेणीका पत्नी गुणीलो भई घरलाई सुग्घर सफा गरी राख्छिन् ।
- द्वितीय श्रेणीका पत्नी सुख सुविधा प्रदान गरी पतिको प्रशंसा गर्छिन् ।
- तृतीय श्रेणीका पत्नी पतिसँग गनगन गरी गुनासो मात्र पोख्छिन् ।
- चतुर्थ श्रेणीका पत्नी नचाहिँदो गफमा मस्त भई दु:ख दिन्छे ।

६

- प्रथम श्रेणीका भिक्षु बोधि चित्त उत्पन्न गरी बोधिसत्वको अनुसरण गर्दछ ।
- द्वितीय श्रेणीका भिक्षु सांसारिक कुराबाट अनासक्त भई आफूलाई अनुशासन र विनयमा आवद्ध राखी सन्तुष्ट रहन्छ ।
- तृतीय श्रेणीका भिक्षु भद्दा स्वभावका भई सांसारिक कुरामा लट्ठ वा आसक्त हुन्छ ।
- चतुर्थ श्रेणीका भिक्षु मतलबी भई शुद्ध विनय परित्याग गर्दछ ।

७

- प्रथम श्रेणीका उपासक/उपासिका श्रद्धा विश्वास गरी त्रिरत्नको शरणमा परी बुद्ध उपदेश र शिक्षालाई प्रचारप्रसार गर्न प्रयत्न गर्दछन् ।
- द्वितीय श्रेणीका उपासक/उपासिका सम्येकबोध गरी धर्म र संघको शरणमा पर्दछन् ।
- तृतीय श्रेणीका उपासक/उपासिका अहंभावले आफ्नो प्रशंसा गरी अरूलाई खिसीमा उडाउँछन् ।
- चतुर्थ श्रेणीका उपासक/उपासिका सत्य र असत्य विभेद गर्न नसकी संघ र धर्मलाई झुठ्ठा निन्दा गर्दछन् ।

८

- प्रथम श्रेणीका प्रबन्धक आफ्ना कर्मचारीको हेरविचार गरी उनीहरूका सीपको सम्मान गर्दछ ।
- द्वितीय श्रेणीका प्रबन्धक आफ्ना कार्यहरू संचालन गर्न कामदार हरूमाथि विश्वास गर्दछ ।
- तृतीय श्रेणीका प्रबन्धक अभिमानी र नोकरशाही हुन्छ ।
- चतुर्थ श्रेणीका प्रबन्धक ईर्ष्यालु, शंकालु र विवेकशुन्य हुन्छ ।

९

- प्रथम श्रेणीका कामदार आफ्नो कार्य र आफ्ना सहकर्मीको आदर गर्दछ र आफ्ना कार्यमा निष्ठावान र लगनशील हुन्छ ।
- द्वितीय श्रेणीकाकामदार उत्तरदायी भई कडा परिश्रम गर्दछ र आफ्ना बानी व्यवहारमा नैतिकवान हुन्छ ।
- तृतीय श्रेणीका कामदार अल्छी र समय खेर फाल्ने हुन्छ ।
- चतुर्थ श्रेणीका कामदार आफ्नो फाइदाका लागि अरूको हानी नोक्सानी हुने गरी झगडा उक्साउँछ ।

१०

- प्रथम श्रेणीका सहकर्मीहरू एक अर्काका क्षमताहरू सम्मान गरी प्रशंसा गर्दछन् ।
- द्वितीय श्रेणीका सहकर्मीहरू मिलेर एक अर्कालाई विश्वास र सहयोग गरी काम गर्छन् ।
- तृतीय श्रेणीका सहकर्मीहरू स्वकेन्द्रित एकलकाँटे भई अरूका राय सुझावलाई अनादर गर्छन् ।
- चतुर्थ श्रेणीका सहकर्मीहरू अरूलाई दु:ख दिने स्वभावका भई उनीहरूका उपलब्धिलाई अवमूल्यन गर्दछन् ।

*क्रमश:*

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४१४८५०, ४४१४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५१०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८६७८
Downloaded from http://www.dhamma.digital